# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक ३०६ | काठमाडौं | मंगलबार, २३ फागुन २०७९ | Prabhab National Daily | Tuesday, March 07, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-




**होलीको उत्सव** | फागुपूर्णिमा (होली) पर्व मनाउने क्रममा सोमबार काठमाडौंको न्युरोडस्थित इन्द्रचोकमा टाउकोबाट रङ खन्याएर रमाइलो गर्दै सर्वसाधारण ।

*तस्बिरः अनुप प्रधान/प्रभाव*

# माओवादीलाई तर्साउने मुद्दा

- शान्ति सम्झौता खल्बल्याउने र देशलाई फेरि द्वन्द्वको भड्खालोमा पुर्‍याउने दाबी
- आफ्नै अभिव्यक्तिले अप्ठ्यारोमा प्रधानमन्त्री
- रिटविरूद्ध सबै माआवादीको प्रतिवाद







■ **जेबी योञ्जन**

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालको तीन वर्ष पहिलेको अभिव्यक्तिलाई लिएर सर्वोच्च अदालतमा रिट दर्ता भएपछि जनयुद्ध लडेका सबै माओवादी घटक प्रतिवादमा उत्रिएका छन् । उनीहरूले रिटलाई शान्ति सम्झौता खल्बल्याउने र देशलाई फेरि द्वन्द्वको भड्खालोमा पुर्‍याउने आधारको रूपमा विश्लेषण गरेका छन् ।

संक्रमणकालीन न्यायको सिद्धान्तअनुसार सत्य निरूपण तथा मेलमिलाप आयोगबाटै द्वन्द्वकालीन घटनाहरूको न्यायिक निरूपण हुनुपर्नेमा उनीहरूको जोड छ । ५ मंसिर २०६३ मा भएको विस्तृत शान्ति सम्झौताको मूल भावना पनि यही हो । तर, अधिवक्ता ज्ञानेन्द्र आरणले न्यायलयबाट द्वन्द्वकालीन घटनाहरूको न्यायिक निरूपण गराउन सर्वोच्चमा दायर गरेको रिट दर्ता भएपछि माओवादी घटकका नेताहरूले गम्भीर आपत्ति जनाएका हुन् ।

१० वर्षे जनयुद्धको क्रममा माओवादी आन्दोलनलाई वैचारिक ढंगले पनि मजबुत बनाउने श्रेय पाएका पूर्वप्रधानमन्त्रीसमेत रहेका डा. बाबुराम भट्टराईले चेतावनीपूर्ण भाषामा भनेका छन्- 'माओवादीहरूसँग निहुँ नखोजियोस् ।'

यो अभिव्यक्तिलाई आधार मान्दा प्रधानमन्त्री दाहाललाई विपक्षी बनाएको रिटमा पक्षको माग दाबीअनुसार फैसला भए त्यसलाई नमान्ने र फेरि हतियार उठाउन तयार रहेको भन्ने चेतावनी भट्टराईले दिएका हुन् । उनी माओवादी पार्टीसँग अलग छन् । माओवादी विचारधारा पनि त्यागिसकेका छन् । लोकतन्त्रमा आधारित समाजवादको पक्षमा उनको जोड छ । उनै भट्टराईले न्यायालयबाट द्वन्द्वकालीन घटनाहरूको न्यायिक निरूपण गर्न खोज्नु माओवादीसँग निहुँ खोजेको रूपमा अर्थ्याएका हुन् ।

'संक्रमणकालीन न्यायको सिद्धान्तलाई टेकेर द्वन्द्वको क्रममा राज्य र माओवादी पक्षबाट भएका घटनाहरूको न्यायिक निरूपण गर्नुपर्छ । यो भन्दा अर्को विकल्प छैन,' भट्टराईले भने । बारम्बार १७ हजार जनाको हत्या गरेको आरोप लागेपछि प्रधानमन्त्री दाहालले पाँच हजार जनाको मात्रै जिम्मा लिने अभिव्यक्ति तीन वर्षअघि दिएका थिए ।

दाहालको यही अभिव्यक्तिलाई आधार मानेर अधिवक्ता आरणले सर्वोच्च रिट दर्ता गराएका हुन् । आरण द्वन्द्वपीडित परिवारका सदस्य हुन् । रामेछाप घर भएका उनका बुबा टीकाराजको माओवादी पक्षबाट हत्या भएको थियो । आरणले माओवादीबाट हत्या भएका पाँच हजार जनामध्ये आफ्ना बुबा पनि परेको दाबी गरेका छन् । सोही कारण प्रधानमन्त्री दाहालविरुद्ध सर्वोच्चमा रिट दिएका हुन् ।

जनयुद्ध लडेका पूर्वमाओवादी नेता तथा हालका नेकपाका महासचिव नेत्रविक्रम चन्द 'विप्लव' त रिटलाई लिएर झन् आक्रोशित छन् । उनले देशको राजनीतिक व्यवस्थामा आमूल परिवर्तन गर्ने जनयुद्धका योद्धाहरूलाई जिस्काउने कोसिस नगर्न चेतावनी दिए ।

'गौरवमय जनयुद्ध लडेका हामीविरुद्ध देशी-विदेशी शक्तिहरूले घेराबन्दी गरिरहेका छन्,' उनले सोमबार नै भनेका छन्, 'यो हामी सहन सक्दैनौं । ऐतिहासिक जनयुद्धका योद्धाहरूलाई नजिस्काइयोस् ।'

२०६० सालको माओवादी हुन तयारी गर्नुपर्नेमा पनि उनको जोड छ । जतिबेला माओवादी रणनीतिक प्रत्याक्रमणको योजनाअनुसार माओवादीकै शब्दमा भन्दा 'प्रतिक्रियावादी राज्यसत्ता'को ढाडमा टेकेर टाउँमा प्रहार गर्ने रणनीतिमा थियो । यसलाई माओवादीहरू एक सफल युद्ध रणनीति भएको ठान्छन् । सोहीअनुसार माओवादी घटकहरू अहिले पनि एक ठाउँमा आएर प्रतिक्रियावादी शक्तिहरूसँग लड्नुपर्ने बेला आएको विप्लवको ठहर छ ।

माओवादी महासचिव देवप्रसाद गुरुङ द्वन्द्वकालीन घटनाको न्यायिक निरूपण सत्य निरूपण तथा बेपत्ता छानबिन आयोगको अधिकारक्षेत्रभित्रका विषय भएको बताउँछन् । दुई आयोगको अधिकारक्षेत्र मिच्दै जनयुद्धको एक पक्ष माओवादीमाथि कारबाही अगाडि बढाउन निर्णय गर्न नमिल्ने प्रस्ट पारिसकेका छन् ।

उसो त विस्तृत शान्ति सम्झौताअनुसार द्वन्द्वकालीन घटनाहरूको न्यायिक निरूपण छ महिनाभित्र गर्नुपर्ने हो । १६ वर्ष बित्दा पनि जस्ताकोतस्तै छ । शान्ति प्रक्रिया तार्किक निष्कर्षमा पुगेको छैन । जबकि, शान्ति (**बाँकी पृष्ठ २ मा**)

राष्ट्रपतिको निर्वाचन

# सुरू भयो प्रचारप्रसार निषेध अवधि

**काठमाडौं (प्रस)–** बिहीबार हुने राष्ट्रपति निर्वाचनका लागि प्रचारप्रसार निषेधको अवधि सुरु भएको छ । निर्वाचन आयोगले गएराति १२ बजेदेखि प्रचारप्रसार निषेधको अवधि लागू गरेको हो । आयोगले सोमबार मध्यरातदेखि फागुन २५ गते बिहीबार मतदान केन्द्र बन्द नभएसम्म प्रचारप्रसार निषेधको अवधि कायम रहने जनाएको छ ।

निर्वाचनका लागि आयोगले निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी फागुन १७ गतेदेखि चैत ५ गतेसम्म कायम रहनेगरी निर्वाचन आचारसंहिता, २०७९ जारी गरिसकेको छ । निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, पारदर्शी तथा भयमुक्त वातावरणमा सम्पन्न गर्न मतदान हुने दिनको अघिल्लो ४८ घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुञ्जेलसम्म प्रचारप्रसार निषेधको अवधि लागू हुने निर्वाचन आचारसंहिता, २०७९ मा व्यवस्था गरिएको छ ।

निर्वाचन (कसूर तथा सजाय) ऐन, ७३ को दफा २४ को ५ तथा निर्वाचन आचारसंहिता, २०७९ को दफा १७ बमोजिम उक्त अवधिमा निर्वाचन प्रचारप्रसारलगायत कुनै पनि प्रकारका छलफल, अन्तर्क्रिया, सभा, सम्मेलन, कार्यशाला, गोष्ठी आदि गर्न पाइँदैन । साथै उम्मेदवारको पक्ष वा विपक्षमा कुनै पनि प्रकारको प्रचारप्रसार गर्न, मत माग्न, एसएमएस, फेसबुक, भाइबर जस्ता विद्युतीय माध्यम तथा सामाजिक सञ्जालबाट मत माग्न निषेध गरिएको छ । आचारसंहिताविपरीत वक्तव्य दिन, प्रेस विज्ञप्ति निकाल्न, प्रकाशन तथा प्रसारण गर्न, सञ्चारमाध्यमबाट जित/हारको पूर्वानुमानका सामग्री प्रसारजस्ता कार्य गर्न हुँदैन ।

आयोगले मुलुकको सर्वोच्च र गरिमामय पद राष्ट्रपतिको निर्वाचनमा निर्वाचन कानुन र आचारसंहिताको पालना गराई निर्वाचनको स्वच्छता र मर्यादा कायम गर्न आयोगले सम्बन्धित सबैलाई आग्रह गरेको छ ।

सन्दर्भ : वैदेशिक रोजगार

# शोधभर्ना विवरण नबुझाउने व्यवसायीको अडान

■ **मोहनप्रसाद पन्त**

**काठमाडौं–** वैदेशिक रोजगार व्यवसायीहरूले वैदेशिक रोजगार विभागलाई आफूले विदेशमा पठाएका कामदार तथा सेवा शुल्कबापत प्राप्त शोधभर्नाको विवरण नबुझाउने अडान लिएका छन् । व्यवसायीहरूको छाता संगठन नेपाल वैदेशिक रोजगार व्यवसायी संघले विभागलाई आइतबार एक पत्राचार गर्दै ' फ्रि भिसा, फ्रि टिकट' तथा शून्य लागतमा कामदार विदेश पठाउने प्रावधान वैदेशिक रोजगार ऐन,२०६४ विपरीत रहेको भन्दै कामदार तथा सेवा शुल्क शोधभर्ना विवरण माग नगर्न आग्रह गरेको छ ।

विभागले फागुन १५ गतेको निर्णय भन्दै वैदेशिक रोजगारलाई स्वच्छ एवं मर्यादित भर्ना प्रक्रियामार्फत विश्वसनीय र भरपर्दो बनाउन म्यानपावर कम्पनीहरूले पठाएको कामदार र रोजगारदाताबाट प्राप्त गरेको शोधभर्ना रकमको विवरण उपलब्ध गराउन संघलाई पत्राचार गरेको थियो । पत्रमा विभागले इजाजतपत्र प्राप्त संस्थाहरूलाई प्रोत्साहित गर्ने भन्दै

> सरकारले दिएको निर्देशन पालना गर्नु सबैको दायित्व भए पनि व्यवसायीको जायज माग र व्यावहारिक जटिलतालाई सम्बो धन नगरी विवरण माग गर्नु न्यायोचित नहुने व्यवसायीको भनाइ

उल्लिखित विवरण उपलब्ध गराउन संघमार्फत व्यवसायीहरूलाई आग्रह गरेको हो ।

विभागको पत्र प्राप्त भएपछि अन्योलमा रहेका व्यवसायीलाई तत्काल कुनै निर्णय नगर्न र शोधभर्नालगायतका विवरण पठाउनेबारे संघले आवश्यक छलफलपश्चात् मात्रै निर्णय गर्ने 'सर्कुलर' जारी गरेको थियो । शुक्रबार संघको कार्यसमिति बैठकले विभागलाई कुनै विवरण नबुझाउने निर्णय गर्दै आइतबार औपचारिक जानकारी दिएको महासचिव मेघनाथ भुर्तेलले बताए । 'विभागले माग गरेको विवरण हरेक आर्थिक वर्षको अन्त्यमा बुझाउने गरेको र जरुरी परे आवश्यक विवरण विभागमा नै सुरक्षित हुने हुँदा अहिले विवरण माग गर्नुको कुनै औचित्य छैन,' उनले भने, 'सरकारले ल्याएको फ्रि भिसा, फ्रि टिकट' तथा शून्य लागतमा कामदार पठाउने नीतिप्रति त्यतिबेलादेखि नै हाम्रो असहमति छ, यसमा थप छलफल आवश्यक छ ।'

सरकारले दिएको निर्देशन पालना गर्नु सबैको दायित्व भए पनि व्यवसायीको जायज माग र व्यावहारिक जटिलतालाई सम्बोधन नगरी विवरण माग गर्नु न्यायोचित नहुने भुर्तेलले बताए । संघले वैदेशिक रोजगार ऐन संसोधन तथा मलेसिया तथा खाडी मुलुकमा कामदार पठाउँदा लिइने सेवा शुल्क परिमार्जन गर्न पटक-पटक बैदेशिक रोजगार विभाग, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा जानकारी गरउँदासमेत कुनै सुनुवाइ नभएको उनको भनाइ छ ।

२०७२ असार २१ गतेको राज्यमन्त्रीस्तरीय निर्णयमार्फत लागू गरिएको 'फ्रि भिसा, फ्रि टिकट'मा कामदार पठाउन बाध्य भएको हुँदा उक्त बाध्यात्मक अवस्थाको अन्त्य नगरेसम्म सरकारको निर्णय अवज्ञा गर्ने संघले जनाएको छ । साथै, सरकारबाट विनाअध्ययन र परामर्शविना एकतर्फीरूपमा फ्रि भिसा र फ्रि टिकटमा कामदार पठाउनुपर्ने भनी सिर्जना गरेको बाध्यात्मक अवस्थाको अन्त्य गर्न पनि संघले माग गरेको छ ।

उता विभागले भने वैदेशिक रोजगारका क्षेत्रमा काम गर्ने म्यानपावर कम्पनीहरूलाई विदेशमा कामदार पठाउँदा स्वच्छ एवं न्यायोचित भर्ना प्रणालीमा आबद्ध गराउने उद्देश्यले शोधभर्नालगायतका विवरण माग गरिएको जनाएको छ । वैदेशिक रोजगारीमा विशेषगरी मलेसिया जाने नेपाली कामदारहरूको भर्ना प्रक्रियामा अपारदर्शी आर्थिक कारोबार हुने गरेको भन्दै जनगुनासो बढेपछि 'फ्रि भिसा, फ्रि टिकट' तथा शून्य लागत कार्यान्वयनमा सहयोग पुर्‍याउन विवरण उपलब्ध गराइदिन व्यवसायीलाई आग्रह गरिएको विभागले उल्लेख गरेको छ ।

# अपांग पुनःस्थापना केन्द्रलाई प्रगतिशील मञ्चको सहयोग

**काठमाडौं (प्रस)–** प्रगतिशील वैदेशिक रोजगार व्यवसाय मञ्च नेपालले यस वर्षको होली अपांग पुनःस्थापना केन्द्र नेपालका बालबालिकासँग मनाएको छ । मञ्चका अध्यक्ष जनक रावलको सक्रियतामा कार्यसमितिका पदाधिकारी एवं सदस्यहरू अपांग पुनःस्थापना केन्द्र गोकर्णेश्वर पुगेर बालबालिकासँग होली खेल्नुका साथै ५१ हजार रूपैयाँ आर्थिक सहयोगसमेत गरेका छन् ।

मञ्चले अपांग बालबालिका खाना खुवाउनुका साथै टिसर्टसमेत वितरण गरेको थियो । अपांग बालबालिकाको भरणपोषणमा थोरैमात्र भए पनि टेवा पुगोस् भन्ने हेतुले ५१ हजार राशीको चेक संस्थाका अध्यक्ष उदयबहादुर लिम्बूलाई हस्तान्तरण गरिएको मञ्चका अध्यक्ष रावलले बताए । आगामी दिनमा पनि विभिन्न अवसर पारेर यस्तै अपांग, असहाय, अनाथ तथा वृद्धवृद्धाहरूको संरक्षणका लागि मञ्चले सक्दो सहयोग गर्ने रावलले जानकारी दिए ।









(बाँकी पृष्ठ २ मा)

# वसन्तपुरको होली : प्रेमिल अनि रंगीन

■ नारायण दुंगाना



**काठमाडौं–** हातहातमा रङका पोका बोकेका एक प्रेमिल जोडी काठमाडौंको न्युरोडमा 'वसन्तपुर' गन्तव्य सोझ्याउँदै थिए । उपत्यकाको होली खेल्ने केन्द्रबिन्दु हो वसन्तपुर क्षेत्र । उपत्यकामा बस्ने होलीप्रेमीहरू एक पटक वसन्तपुर नपुगी चित्त बुझाउँदैनन् । सोमबार साँझ अबेरसम्मै वसन्तपुर दरबार क्षेत्र होलीमय बन्यो ।

ती एक प्रेमिल जोडी पनि सोमबार बिहान मैतीदेवीस्थित आफ्नै कोठाबाट एकापसमा रङ दलेर होलीको सुरुआत गरी न्युरोड आइपुगेका हुन् । साथीहरूबीच खुसी साट्दै र रङ दल्दै निस्किए । न्युरोड आइपुग्दा पाँच प्रेमिल जोडीको एक समूह बन्यो ।

होलीका लागि भनेर तयार पारिएको निखर सेतो टिसर्ट र बजारको 'फेसनेबल हाफ पाइन्ट'मा थरीथरीका रङको स्पर्शले उनीहरूको शरीर र लगाएको कपडा नै सप्तरंगी बनेको थियो । अनुहार चिनिने गरी मात्रै रङ दलिएको थिएन । सबैका हातहातमा रङका पोका थिए । वसन्तपुरमा पुगेर फागु खेल्न धोको बाँकी नै थियो । भेटेका अन्य समूहले रङ दल्दा उनीहरू पनि उक्त समूहलाई रङ दलेर 'ह्याप्पी होली' भन्दै मच्चीमच्ची उमंग साटासाट गर्थे । त्यो समूहकी एक कृपा शर्माले भनिन्, 'यो प्रेमिल अनि रंगीन पर्व हो, होलीमा लगाइएको रङ आफैंमा विशेष र स्मरणयोग्य हुने भएकाले यो बेला जोडिने सम्बन्ध अटुट बन्छ ।' त्यही कारण होली पर्व मनाउन कहिल्यै नछुटाउने गरेको उनले बताइन् ।

उनको जस्तै अन्य युवा समूह आ-आफ्नै रंगीन संसारमा होली खेल्दै सडकभरि हिँडिरहेका काठमाडौं चोकचोकमा यत्रतत्र थिए । अन्यत्रको भन्दा बढी मानिसको भीडभाड भने वसन्तपुरमै थियो । मध्य दिउँसो नै न्युरोडदेखि वसन्तपुरसम्मको सडकमा सवारी नै प्रभावित हुनेगरी होली पारखीहरू भेला भइसकेका थिए ।

होली मनाउनेहरूको भीडले प्रहरीले त्यहाँको भित्री सडकमा यातायात आवागमन रोकेको थियो । प्रहरीले ठाउँठाउँमा सवारीसाधन जाँच अभियानलाई पनि तीव्रता दिइरहेको थियो । तर, सवारीसाधन न्यून मात्रामा सञ्चालन भएकाले सोमबार पैदल हिँड्नेको जमात बढी थियो । प्रहरी प्रवक्ता पोषराज पोखरेलले होलीमा हुनसक्ने सम्भावित दुर्घटना रोक्न बाक्लो प्रहरी परिचालन गरिएको बताए । काठमाडौंको वसन्तपुर मात्रै होइन, कलंकी, बानेश्वर, कालीमाटी, सुन्धारा, नक्साललगायत उपत्यकाका हरेक क्षेत्रमा युवाहरू समूह बनाएरै होलीमा रमाइरहेका भेटिए । कतै गीत संगीतमा झुमेका पाइए ।

होली सामाजिक एकता र भाइचारा विस्तार गर्ने र सुखदुःख साट्ने पर्व हो । सरकारले होलीमा सार्वजनिक बिदा दिएकाले पनि यसको महत्त्व विशेष रहेको कुरा स्पष्ट हुन्छ । 'नेपाली समाज पनि जातीय, भाषिक र सांस्कृतिकरूपमा होलीमा खेलिने रङहरू जस्तै विविधतापूर्ण छ, यो विविधता हाम्रो पहिचान र शक्ति दुवै हो,' होली पर्वका अवसरमा राष्ट्रपति विद्यादेवी भण्डारीबाट जारी शुभकामना सन्देश र 'नेपालका सबै भूभाग, सबै जाति, सबै समुदायका बीच उत्तिकै लोकप्रिय र साझा संस्कृतिका रूपमा स्थापित होली पर्वले सामाजिक न्याय, सुशासन र समृद्धिको लक्ष्यमा एकताबद्ध हुन थप प्रेरित गर्ने विश्वँस छ' भन्ने प्रधानमन्त्री पुष्पकमल दाहालबाट जारी शुभकामना सन्देशले पनि होली एउटा साझा संस्कृति हो र भाइचारा प्रवर्द्धनको महत्त्वपूर्ण कडी हो भन्न सकिन्छ ।

यस्ता पर्वहरूले आमनेपाली बीचमा आपसी प्रेम, सद्भाव र आत्मीयता अभिवृद्धि गर्दै राष्ट्रिय एकतालाई थप सुदृढ बनाउन योगदान पुऱ्याउने विश्वास गर्न सकिन्छ । बोटबिरुवाले पनि रङ बदलेर उमंग थपिदिने समयको सुरुआत होलीबाटै हुन्छ । होलीले वसन्त ऋतुकै प्रतिविम्बित गरिदिन्छ । होली प्रेम र आकर्षणको उत्सवमात्रै होइन सत्य र निष्ठासँग पनि जोडिन्छ । होलीमा दलिने सप्तरंगी रङले मानव जीवन सधैँ सप्तरंगी हुनुपर्छ भन्ने सन्देश पनि दिने न्युरोडमा भेटिएको एक बटुवा कृष्णहरि नेपालले बताए । उनले पछिल्लो समयमा होलीलाई हिलो छ्यापाछ्याप गर्ने, मदिरामा लर्‍निने र जथाभावी रूपमा सवारी चलाएर दुर्घटनाको कारक बन्ने गर्नु उपयुक्त नहुने तर होलीलाई उमंगकै रूपमा रङ दलेर खुसी साटासाट गरेर मनाउनुपर्ने बताए ।

होली पर्वमा रङमात्रै दलिँदैन गीत/संगीत र नृत्य एक साथ पस्किने हुँदा उल्लास थपिदिन्छ । बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक तथा विविधतायुक्त नेपालमा मनाइने होलीलगायतका पर्वहरूले सामाजिक सद्भाव, सहिष्णुता र राष्ट्रिय एकता कायम गर्न महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ । त्यसैको एउटा द्योतक हो होली पर्व ।

होली पर्व हाम्रो मौलिक विशेषतायुक्त संस्कृति हो । फागुलाई आपसी खुसी र सद्भावको पर्वका रूपमा समेत लिइन्छ । पृथ्वीनारायण शाहले काठमाडौं विजयी गरेपछि होलीको परम्परा सुरु भनेर पनि मान्ने गरिन्छ । त्यही सम्झनामा नेवार समुदायले वसन्तपुरमा रंगीन चीर गाडेपछि होली सुरु भएको भनी मान्दै पनि आएका छन् ।

त्रेतायुगमा दैत्यराज हिरण्यकश्यपुले प्रह्लादलाई मार्ने उद्देश्यले ब्रह्माबाट आगोले छुन नसक्ने वरदान पाएकी आफ्नी बहिनी होलिकालाई प्रह्लादका साथ दन्किरहेको आगोमा पस्न लगाउँदा होलिका आफैं भष्म भएकी र भक्त प्रह्लाद नजलेको कथासँग होली पर्व जोडिएको छ ।

अर्को कथा पनि होलीसँग जोडिएको छ । द्वापरयुगमा श्रीकृष्णलाई मार्न कंशले पठाएकी पुतनाले स्तनमा विष दलेर चुसाउन लाग्दा उनको प्रयास सफल हुन नसकी मारिइन् । त्यो बेला उनलाई जलाएर होली उत्सव गरिएकाले पर्वको सुरुआत भएको पनि मानिन्छ ।

होलीलाई असत्यमाथि सत्यको, अन्यायमाथि न्यायको र दुराचारमाथि सदाचारको विजय भएको प्रतीकका रूपमा स्मरण गरिन्छ र त्यही अनुसार मनाइन्छ । त्यसैको रिस र द्वेष त्यागेर प्रेम र भाइचाराका साथ एकापसमा रङ दलेर होली मनाउनु नै खास होली अर्थात् फागु हो । सोमबार पहाड तथा हिमाली क्षेत्रमा र आज मंगलबार तराईमा होली पर्व मनाइन्छ । *रासस*

# हिमाली र पहाडी जिल्लामा मनाइयो फागुपूर्णिमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** फागुपूर्णिमा अर्थात् होली पर्व सोमबार हिमाली एवं पहाडी जिल्लामा हर्षोल्लासका साथ एकापसमा रङ र लोला खेली आपसी सद्भाव साटेर मनाइएको छ । हिमाली र पहाडी जिल्लामा प्रत्येक वर्ष फागुन शुक्ल पूर्णिमाका दिन फागुपूर्णिमा पर्व मनाइन्छ । तराईका जिल्लामा भने भोलिपल्ट यो पर्व मनाइन्छ ।

वसन्त ऋतुको आगमनसँगै आपसी मेलमिलाप र सद्भावनाको सन्देश लिई आउने फागु पर्व परम्परागतरूपमा विभिन्न रङ र लोला खेली मनाउने प्राचीन परम्परा छ । केही वर्ष अघिसम्म उपत्यकामा उत्ताउलोरूपमा मनाइने यो पर्व प्रहरीको सक्रियताका कारण पछिल्लो समय अनुशासित बन्दै गएको छ ।

यस पर्वका अवसरमा सोमबार काठमाडौंको वसन्तपुरमा उपस्थित मानिसले वातावरणलाई नै रंगीचंगी तुल्याउँदै पर्व मनाएका छन् । फागुन शुक्ल अष्टमीका दिन त्यहाँ गाडिएको चीरलाई विधिपूर्वक ढाली बाजागाजाका साथ टुँडिखेलमा लगी जलाउने कार्यक्रम रहेको छ ।

उक्त चीरमा राखिएका ध्वजापताका औषधोपचारको काममा आउने विश्वासका साथ लुछाचुँडी गरी लिने र अनिष्ट टर्छ भनी चीरको खरानीको टीका लगाइन्छ । फागुन शुक्ल अष्टमीका दिन वसन्तपुरस्थित गद्दी बैठकअगाडि मैलको रुखलाई रंगीचंगी ध्वजापताकासाथ सिँगारी गाडिएको चीरमा पूजाआजा गरेपछि फागु सुरु भएको थियो ।

सोमबारै राति टुँडिखेलमा 'गुरुमापा' नामक राक्षसलाई इटुम्बहालदेखि कहीँ पनि नबिसाई ल्याइएको दशपाथी चामलको भात र एउटा राँगाको मासु खुवाई सैनिक अस्पतालभित्र रहेको 'जधु' नामक धारामा चुठाउने चलन छ ।

त्रेता युगमा दैत्यराज हिरण्यकश्यपुले विष्णुभक्त आफ्ना पुत्र प्रह्लादलाई मार्ने उद्देश्यले ब्रह्माबाट आगोले छुन नसक्ने वरदान पाएकी आफ्नी बहिनी होलिकालाई प्रह्लादका साथ दन्किरहेको आगोमा पस्न लगाउँदा होलिका आफैं भष्म भएकी तर भक्त प्रह्लादलाई आगोले छुन नसकेको कथा यो पर्वसँग जोडिएको छ ।

त्यसै बेलादेखि शक्तिको दुरूपयोग गर्ने पापी प्रवृत्तिकी प्रतीक बनेकी होलिका मारिएको उपलक्ष्यमा होली (फागु) खेल्ने परम्परा चलेको विश्वास गरिन्छ । यसैगरी द्वापर युगमा श्रीकृष्ण भगवान्लाई मार्न कंशद्वारा पठाइएकी राक्षसनी पुतनाले आफ्नो विष दलिएको स्तन चुसाउन लाग्दा असफल भई मारिइन् । निजलाई ब्रजबासीले जलाई फागु महोत्सव मनाउने परम्परा चलेको पनि धर्मग्रन्थमा उल्लेख गरिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चांग निर्णायक समितिका सदस्य प्रा.डा. देवमणि भट्टराईले जानकारी दिए ।

राम्रो तरिकाले तयार पारिएका रङ र अबिरले छालाको रोग निवारण गर्ने भएकाले यस्ता रङको प्रयोग गरी फागु खेल्नाले शीतकालमा शरीरमा उत्पन्न कफको विनास हुन्छ । बालिएको चीरको धुवाँबाट शीतकालका अनेकौं रोगका कीटाणु निर्मूल हुने हुनाले यो पर्वको आयुर्वेदिक महत्त्व पनि छ । फागुपर्वको उपलक्ष्यमा परम्परादेखि सरकारले सार्वजनिक बिदा दिँदै आएको छ । यस पर्वका अवसरमा आज राजधानीको टुँडिखेल, खुलामञ्च, वसन्तपुर, रामशाहपथजस्ता स्थानमा हजारौं मानिस जम्मा भएर फागुपूर्णिमा पर्व मनाएका छन् ।

तराई क्षेत्रमा भने यो पर्व पूर्णिमाको भोलिपल्ट मनाउने गरिन्छ । यस वर्ष पनि तराईमा आज मंगलबार होली मनाइँदै छ । यस पर्वका उपलक्ष्यमा आजभोलि रमाइलोका निम्ति गाँजा, भाङ, जाँड-रक्सी जस्ता नशालु पदार्थको सेवन गरी गुन्डागर्दी गर्ने, शरीरमा प्रतिकूल असर गर्ने खालका रासायनिक पदार्थ प्रयोग गर्ने तथा सवारीसाधनमा समेत लोला हिर्काउने जस्ता विकृति पनि कम हुँदै गएको छ ।

## माओवादीलाई...

पृष्ठ १ बाट जारी

सम्झौताका हस्ताक्षरकर्तामध्येका एक जना प्रधानमन्त्री दाहाल हुन् । पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल पनि छन् । यति हुँदाहुँदै पनि शान्ति प्रक्रिया टुंगोमा पुगेको छैन ।

संसद्का प्रमुख दलहरू नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली पनि यसप्रति गम्भीर छैनन् ।

अर्कातिर, सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग पनि जागिर खाने अड्डा मात्रै बनेको छ । युद्ध सकिएको डेढ दशकसम्ममा पनि बेपत्ता पारिएका व्यक्तिको स्थिति सार्वजनिक भएको छैन । जनयुद्धका क्रममा भएका गम्भीर प्रकृतिका मानव अधिकार उल्लंघनका घटनाका दोषी किटान गरिएको छैन । जसले गर्दा विश्व समुदायबाट द्वन्द्वकालीन घटनाका पीडितहरूलाई न्याय दिन नसकेको भन्दै सरकारको आलोचना हुँदै आएको छ ।

यहीबेला जनयुद्ध गर्ने दल माओवादीका तत्कालीन 'सर्वोच्च कमाण्डर' दाहालविरुद्ध सर्वोच्चमा फौजदारी मुद्दामा आवश्यक अनुसन्धान गरी कारबाही अघि बढाउन माग गरिएको रिट दर्ता भएको हो । रिटका कारण जनयुद्ध लडेका माओवादी घटकका नेताहरू फस्किएका छन् । किनभने, दाहालविरुद्धको यो रिटमा पक्षको मागदाबीअनुसार फैसला भए जनयुद्ध लडेका अन्य नेता कार्यकर्ताहरू पनि लहरै तानिने छन् ।


संस्कृति, पर्यटन, कृषि र पुर्वाधार ! समावेशी सुनकोशी समृद्धिको आधार !!

**सुनकोशी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मुलखर्क, ओखलढुगां**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकूत गर्ने आशयको सूचना !**

प्रकाशन मिति :- २०७९/११/२३

यस कार्यालयको मिति २०७९/०९/२४ आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार निम्न कार्यको लागि E-submission मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका सारभूत रुपमा प्रभावग्राही न्युनतम मुल्याङ्कित बोलपत्रहरु स्वीकृतका लागि मुल्याङ्कन समितिबाट सिफारिस भई आएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनका लागि सबै बोलपत्रदाताहरुलाई ७ (सात) दिने आशयको सूचना समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

तपशिल :

| सि. नं. | सूचना नं./प्याकेज नं. | सूचना प्रकाशन मिति | कामको विवरण | बोलपत्र दर्ताको नाम | कबोल गरेको रमक रु. (मु.अ.क. बाहेक) |
|---|---|---|---|---|---|
| 1 | 05/NCB/RC WORKS/SRM/ 079/080 | 2079/09/24 | Construction of Aapeswara Chynam Mulkharka Sadak | Bharosha construction & suppliers Pvt.Ltd. siddhicharan municipality -11, Okhaldhunga | 5,550,114.42 |
| 2 | 06/NCB/RC WORKS/SRM/ 079/080 | 2079/6/24 | Construction of Mandre Koshhat Mulkharka Sadak | Bharosha construction & suppliers Pvt.Ltd. siddhicharan municipality -11,Okhaldhunga | 5,549,223.50 |

प्रमुख प्रशासकीय अधिकृत




**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

फागुन २३ गते, मंगलबार

| | |
|---|---|
| **मेष** | राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ । |
| **वृष** | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । |
| **मिथुन** | नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ |
| **कर्कट** | अरुले आलोचना पनि गर्न सक्छन् । |
| **सिंह** | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |
| **कन्या** | आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| **तुला** | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । |
| **वृश्चिक** | स्वास्थ्यमा गडबडी भई दैनिक कामकाजमा |
| **धनु** | असर पर्नसक्छ |
| **मकर** | पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला । |
| **कुम्भ** | परोपकारमा रुचि बढ्नेछ । |
| **मीन** | कूटनीतिक नियोगको सहयोग मिल्ला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/ शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

फागुन २३ गते, २०७९, ७ मार्च, २०२३

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.०६ | १३२.६६ |
| युरो | १ को | १४०.७८ | १४१.४२ |
| पाउन्ड स्टर्लिङ | १ को | १५८.९१ | १५९.६३ |
| स्विस फ्रैन्क | १ को | १४३.११ | १४३.७६ |
| अस्ट्रेलियन डलर | १ को | ८९.६६ | ९०.०७ |
| क्यानाडियन डलर | १ को | ९७.४३ | ९७.८७ |
| सिंगापुर डलर | १ को | ९८.४७ | ९८.९२ |
| जापानी येन | १० को | १०.०० | १०.०५ |
| चिनियाँ युआन | १ को | १९.०४ | १९.१३ |
| साउदी अरब रियाल | १ को | ३५.११ | ३५.२७ |
| कतारी रियाल | १ को | ३६.१६ | ३६.३२ |
| थाई भाट | १ को | ३.८१ | ३.८३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.९६ | ३६.१२ |
| मलेसियन रिंगेट | १ को | २९.९८ | ३०.१२ |
| दक्षिण कोरियन वन | १०० को | १०.४९ | १०.५४ |
| स्विडिस क्रोनर | १ को | १२.६५ | १२.७१ |
| डेनिस क्रोनर | १ को | १८.९३ | १९.०२ |
| हङकङ डलर | १ को | १६.९३ | १७.०१ |
| कुवेती दिनार | १ को | ४३१.५० | ४३३.४६ |
| बहराइन दिनार | १ को | ३५०.२५ | ३५१.८४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# तस्बिरमा होलीको रौनक













१) फागुपूर्णिमा (होली)को अवसरमा सोमबार रमाउँदै बागलुङका दुई बालक ।
२) होलीका अवसरमा पोखराको लेकसाइडमा आयोजित एक कन्सर्ट कार्यक्रममा रमाउँदै आन्तरिक तथा वाहृय पर्यटक ।
३) ललितपुरको गोदावरीमा होली खेलेर मनोरञ्जन लिँदै युवतीहरू ।
४) फागुपूर्णिमाका अवसरमा नेपाल घुम्न आएका विदेशी पर्यटक वसन्तपुरमा रमाउँदै ।

*तस्बिरहरू: रासस*

# लोप हुँदै भक्तपुरको परम्परागत होली शैली

■ **रमेश गिरी**

**भक्तपुर–** 'भिसीं द्यो या लग खङ लो वान ला, बिस्यु वाने मायक स्व वया ला' अर्थात् ' भीमसेनको लिंगले मन लोभियो कि, भाग्नुपर्ने गरी हेर्न आको हो कि' भक्तपुर नगरपालिका तचपालस्थित दत्तात्रय मन्दिर अगाडिको भीमसेन मन्दिरको पाटीमा होली पर्वमा गुञ्जने यस्ता गीतहरू अहिले लोपोन्मुख अवस्थामा पुगेका छन् ।

भीमसेन मन्दिरको पाटीमा बसेर फागुन शुक्ल अष्टमीको दिनदेखि पूर्णिमासम्म भीमसेन गुठीका गायजुहरूले यस्ता गीतहरू गाएर होलीको आगमनसँगै बिदाइ गर्दथे । तर, अहिले कतिपय स्थानीयवासीलाई त फागुसँग सम्बन्धित दाफा भजनका यस्ता गीतहरू पनि छन् भन्ने हेक्का छैन ।

फागुन शुक्ल अष्टमीको दिन मन्दिरमा राखिएको तीन हात लामो ३० इञ्च मोटो काठबाट बनेको लिंगलाई ब्रह्मायणी खोलामा लगेर स्नान गराई काँधमा बोकेर ब्रह्मायणी, च्यामासिंह, जेँला, इनाचो, बाचुटोल हुँदै, तचपालस्थित दत्तात्रय मन्दिर वरिपरि रहेको घर र पसलहरूमा घुमाउने प्रचलन छ । यसरी घुमाउँदा भक्तजनले स्पर्श गरी ढोग्ने, दान दक्षिणा दिने र साँझ मन्दिरको पाटीमा झुन्डचाउने परम्परा रहे पनि लिंगलाई टोलटोलमा घुमाउने प्रचलन भने अहिले हराउँदै छ ।

नेवारी परम्पराअनुसार यसलाई चीर स्वायगू अर्थात् लिंग घुमाएपछि यहाँ फागु सुरु हुने परम्परा रहँदै आएको छ । लिंगलाई केही वर्ष काँधमा नबोकी सवारी साधनमा राखेर घुमाए पनि अहिले भने वर्षौंदेखिको परम्परा लोप हुने अवस्थामा पुगेको छ । 'झचालय् च्वंगु तुकं मा, वहे ल्यासे जितः माः, व ल्यासे मदयकं जा हे मनया' अर्थात् 'झचालभरि तोरीको माला छ, त्यही तरुनी मलाई चाहिन्छ, त्यो तरुनी नपाएसम्म भातै खान्नँ' भन्ने अर्थ बोकेको गीत गाएर प्रेमको पर्वका रूपमा पनि यो पर्वलाई लिने गरिन्छ ।

यस पर्वमा गाइने 'अबिरया होली तंचाया ला ल्यासे, अबिरं छगुं ख्वाः हिसि दयेका बी' अर्थात् 'अबिरको होली, रिसायौ कि तरुनी, अबिरले तिम्रो मुहार हिस्सी बनाइदिउँ कि' जस्ता अर्थ बोकेको नेपाल भाषाका दाफा भजनले प्रेम दर्शाएको पाइन्छ । होलीको दिन आफूलाई मन परेको युवतीलाई भजनबाटै प्रेम प्रस्ताव राख्ने उहिलेको प्रचलन अहिले लोप भइसकेको छ ।

भीमसेन गुठीले परम्परादेखि नै होलीलाई प्रेम र यौन पर्वसँग दाँजेर मनाउँदै आएको छ । गुठीले हरेक वर्ष फागुन शुक्ल अष्टमीको दिनदेखि फागुपूर्णिमासम्म भीमसेन मन्दिरमा भीमसेनको लिंग र द्रौपदीको योनीको प्रतीकलाई झुन्डचाएर यौन समागमको प्रतिविम्ब चित्रण गरेको छ । सात दिनसम्म लिंग र योनीको पूजा एवं दर्शन पनि स्थानीयवासीले गर्ने गरेका छन् ।

काठको लिंगलाई भीमसेनको लिंग र रातो कपडाबाट बनेको योनी आकारको प्वाललाई द्रौपदीको योनीका रूपमा लिने गरिन्छ । भीमसेन र द्रौपदीको यौन सम्बन्धका रूपमा राखिएको लिंग र योनीको प्रतीकलाई यहाँका बासिन्दाले विकृतिका रूपमा नभई सांस्कृतिक महत्त्वका रूपमा संरक्षण गर्दै आएका छन् ।

पाटीमा झुन्डचाएको लिंग हल्लाउँदा योनी आकारको कपडाको प्वालभित्र छिर्छ, यसलाई यौन समागमका रूपमा लिइन्छ । विगतमा भीमसेन पाटीको बाहिर नै झुन्डचाउने परम्परा रहे पनि यहाँबाट महिलालाई आवतजावत गर्न अप्ठचारो भएको गुनासो आएपछि केही वर्षयता भने पाटीको माथिल्लो तलाको भीमसेन मन्दिरमा झुन्डचाउने गरेको हो ।

यहाँ दर्शन गर्न आउनेले भीमसेनको लिंग हल्लाउने गर्छन् । एक सातासम्म स्थानीय बासिन्दा द्रौपदीको योनीमा भीमसेनको लिंग घँचेटेर ढोग्ने गर्छन् । काठको लिंगको टुप्पोमा कपास झुन्डचाउने गरिन्छ । यहाँ दर्शन गर्न आउनेले लिंग र योनीको समागम गराउँदा कपासलाई वीर्यको प्रतीकका रूपमा लिन्छन् । यसरी दर्शन गर्दा पारिवारिक सुख, दीर्घायु मिल्ने र व्यापार वृद्धि हुने जनविश्वास रहेको छ ।



यसलाई हेर्दा अश्लीलता प्रदर्शन गरेको जस्तो देखिए पनि भक्तपुरका बासिन्दा भने यसलाई धार्मिक मान्यताका रूपमा लिँदै आएका छन् । आज बिहानै भीमसेन र काठको लिंग दर्शन गर्दै स्थानीय ६९ वर्षका विष्णुभक्त श्रेष्ठले भीमसेको लिंग दर्शन गरेमा राम्रो हुने र व्यापार बढ्ने विश्वास रहेको बताए । यो लिंगको दर्शन गर्न को महिला, को पुरुष पूर्णिमाको दिनसम्म हरेक दिन बिहान यहाँ स्थानीयवासी आउने गर्दछन् । लिंगको दर्शन गरेर भेटी चढाउने गरेका छन् ।

भक्तपुरका इतिहासविद् एवं संस्कृतविद् डा. पुरुषोत्तमलोचन श्रेष्ठले यो पर्वलाई धार्मिक, सांस्कृतिक र सामाजिक पर्वका रूपमा परापूर्वकालदेखि मनाइँदै आएको बताए । यहाँ जीवन छ, त्यसैले उत्सव छ, अनि उत्सव छ र त जीवन छ भन्दै उनले वर्षौंदेखि यहाँ प्रेम र यौनको प्रतीकका रूपमा होली पर्व मनाउँदै आएको उनी बताउँछन् ।

डा. श्रेष्ठले भने, 'भीमसेन भैरव हो, भैरव महादेव हो, द्रौपदी भैरवी हो, अर्थात् पार्वती, द्रौपदीका पाँच पति भनेर नकारात्मक सन्देश प्रवाह गरिन्छ, वास्तवमा पूर्वजन्ममा द्रौपदीको विवाद नै नभई मृत्यु भयो, अर्को जुनीमा उनले महादेवको तपस्या गरी पति माग गरेपछि महादेवले पाँच पटक तथास्तु भनेर वरदान दिएपछि पाँच पाण्डव उनको पति भए, त्यो पनि महादेवकै लीला हो, यसमा तान्त्रिक शक्ति छ, गलत अर्थ लगाउनुहुन्न ।'

मन्दिरमा झुन्डचाइएको काठको लिंग भीमसेनको प्रतीकका रूपमा रहेको बताउँदै उनले यसलाई प्रेम र यौनसँग जोडेर हेर्नुपर्ने बताए । यो पुरुष शक्तिको प्रतीकका रूपमा रहेको भन्दै उनले तान्त्रिक विधिअनुसार वर्षौंदेखि चल्दै आएको परम्परालाई अहिले भ्रम फैलाएर बलात्कारीको लिंग भनेर गलत अर्थ लगाएर इतिहास, धर्म र संस्कृति मास्न खोज्नु गलत भएको उनी बताउँछन् । धार्मिक र इतिहासका प्रत्येक प्रमाणले यो बलात्कारीको लिंग होइन भीमसेनको प्रतीकका रूपमा राखिएको हो भन्ने पुष्टि गर्ने आधार धेरै रहेको भन्दै उनले वर्षौंदेखिको मान्यतालाई मास्ने प्रयास गर्न नहुने बताए ।

सांकेतिकरूपमा यौनसँग सम्बन्धित फागु पर्व अर्थात् होली पर्व दक्षिण एसियामै कतै कृष्णसँग र कतै प्रह्लादसँग सम्बन्धित रहने भए पनि विशेषत भक्तपुरमा भीमसेन र द्रौपदीको यौन समागमसँग सम्बन्धित रहेको उनको भनाइ छ । चीर स्वायगू अर्थात् लिंग झुन्डचाएपछि यहाँका नेवार समुदाय भीमसेन मन्दिरमा गई गुठी भोज खाने गर्दछन् भने होलीभरि शनिबार र मंगलबार भीमसेन मन्दिरमा मेला लाग्ने गर्दछ ।

यसलाई भीमसेनको प्रतीक मानिएकाले नै व्यापारीहरूले यसको दर्शन गर्ने परम्परा रहँदै आएको उनको भनाइ छ । व्यापारीले भीमसेनको पूजा गर्ने स्मरण गराउँदै उनले काठको लिंगलाई भीमसेनकै रूपमा दर्शन गर्ने र यसो गर्दा व्यापार बढ्ने पुरानो मान्यता अझै रहेको बताए । यहाँका बासिन्दाको धार्मिक आस्थामै ठेस पुग्नेगरी हचुवाको भरमा बलात्कारीको लिंग भनेर प्रचार गरिनु, धर्म संस्कृति र परम्परा मास्न खोज्नु गलत भएको इतिहास एवं संस्कृतिविद् डा श्रेष्ठ बताउँछन् ।

पुरुषमात्र नभई यसको अवलोकन एवं दर्शन गर्न महिला पनि आउने गर्दछन् भने यहाँ आउनेहरूले धार्मिक विश्वासकै आधारमा झुन्डचाएको लिंगलाई हल्लाउने गर्दछन् । फागुपूर्णिमाको दिन साँझपख दत्तात्रय मन्दिर अगाडिको भीमसेनको मन्दिरबाट लिंग निकाली काँधमा बोकेर ब्रह्मायणी मन्दिर स्थित खोलामा लगेर पखाल्ने र पुनः मन्दिरमा राख्ने परम्परा छ । त्यसपछि भने होली समाप्त हुने गर्दछ ।

यसरी मन्दिरबाट खोलासम्म लिंग बोकेर लैजाने व्यक्तिको त्यस वर्ष छोरा जन्मन्छ भन्ने जनविश्वास अहिलेसम्म पनि रहेको स्थानीयवासी बताउँछन् । मल्लकालीन समयमा ने.सं ७८१ र ७९२ मा लेखिएका होलीसम्बन्धी गीतहरू अझै गाउने गरिएको छ । वसन्त ऋतुको आगमन फागुन महिनादेखि हुने भएको र यो समय यौन ऊर्जाको समय, माया प्रेम गर्ने समय मानिने भएकाले पनि होली पर्वसँग यसको सम्बन्ध रहेको भनाइ छ । वसन्त ऋतुमा मानिसको मात्रै नभई चराचुरुंगी र पशुपक्षीमा पनि कामवासना हुन्छ भन्ने विश्वास रहेको पाइन्छ । *रासस*

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# द्वन्द्वकालीन मुद्दाको ‘फास्ट ट्र्याक’मा निरूपण

द्वन्द्वकालीन मुद्दाहरूको न्यायिक निरूपणाको विषयले न्यायालयमा प्रवेश पाएको छ । प्रधानमन्त्री पुष्पकमल दाहालले १ माघ २०७६ मा जनयुद्धमा मारिएका १७ हजारमध्ये पाँच हजार जनाको जिम्मा लिने भन्दै दिएको अभिव्यक्तिमा टेकेर अधिवक्ता ज्ञानेन्द्र आरणले दायर गरेको रिट सर्वोच्च अदालतमा दर्ता हुने भएपछि द्वन्द्वकालीन मुद्दाले न्यायालयमा प्रवेश पाएको हो ।

तर, द्वन्द्वकालीन घटनासँग जोडिएको मुद्दाको न्यायालयमा प्रवेशले राजनीतिक वृत्तमा हलचल पैदा भएको छ । माओवादी धारामा रहेका पार्टी र समूहहरूले द्वन्द्वकालीन मुद्दाको न्यायालयमा भएको प्रवेशलाई लिएर गम्भीर आपत्ति जनाएका छन् । शान्ति सम्झौता भंग गर्ने र फेरि देशलाई दीर्घकालीन द्वन्द्वमा धकेल्ने प्रतिगामी कदमको रूपमा टिप्पणी गरेका छन् ।

हुन पनि द्वन्द्वकालीन मुद्दाहरूको न्यायिक निरूपण सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगबाट हुनुपर्ने हो । यो शान्ति सम्झौताको मूल मर्मसम्मत पनि छ । तर, ठीक उल्टो द्वन्द्वकालीन घटनासँग जोडिएका मुद्दाले न्यायालयमा अनपेक्षितरूपमा प्रवेश पाएको हो । न्यायाधीशद्वय ईश्वरप्रसाद खतिवडा र हरि फुयाँलको संयुक्त इजलासले यही १९ फागुनमा द्वन्द्वकालीन मुद्दालाई अनन्तकालसम्म यथास्थितिमै राख्न नमिल्ने आशयको तर्क अघि सार्दै न्यायालय प्रवेशको मार्गप्रशस्त गरेको हो । सर्वोच्चको यो कदमले दुवै आयोगको क्षेत्राधिकार मिचिएको प्रस्ट देखिन्छ । यस्तो अवस्थामा आयोगहरूबाट द्वन्द्वकालीन घटनाहरूमा सत्यको निरूपण र बेपत्ता व्यक्तिको छानबिन गर्ने कार्य प्रभावित हुन जाने निश्चित छ । यससँगै १० वर्षे जनयुद्धको नेतृत्व गरेको माओवादी र माओवादीका सर्वोच्च कमाण्डरसमेत रहेका हालका प्रधानमन्त्रीदेखि सबै माओवादी धाराका नेताहरूको जेल यात्रा हुनसक्ने अड्कलवाजी हुन थालेको छ । साँच्चै यसो भए मुलुक फेरि अर्को द्वन्द्वमा धकेलिने सम्भावना देखिन्छ । माओवादी नेताहरूले यही आशयको चेतावनी पनि दिन थालेका छन् ।

यसले गर्दा शान्ति प्रक्रिया नखल्बल्याउन न्यायालयभन्दा पनि सत्य निरूपण र बेपत्ता छानबिन आयोगबाटै ‘फास्ट ट्र्याक’मा द्वन्द्वकालीन मुद्दाहरूको न्यायिक निरूपण गर्नुपर्छ । र, सरकारले दुवै आयोगहरूलाई कार्यादेशअनुसारको काम सक्न समयसीमा तोक्नुपर्छ । किनभने, अनन्तकालसम्म द्वन्द्वकालीन मुद्दालाई राख्नु हुँदैन । पीडित परिवारलाई न्याय दिलाउन विलम्ब गर्नु हुँदैन । यसो गरिएको अवस्थामा विधिको शासनको पालना भएको पनि देखिन्छ ।

# लोप हुँदै होली गीत : जोगिरा सरर...

▶▶ अजयकुमार साह

*‘कौन तालपर ढोलक बाजे कौन ताल मृदंग ?*
*कौन तालपर गोरिया नाचे कौन तालपर हम ?*
*जोगिरा सर र र !!!’*
*(कुन तालमा ढोलक बज्छ, कुन तालमा मृदंग, कुन तालमा कान्छी नाच्छे कुन ताल म)*

वसन्त ऋतुको आगमनसँगै श्रीपञ्चमीदेखि फागुपूर्णिमासम्म मिथिलाञ्चलका घर, गाउँ, टोल र छिमेकमा गाइने यस्तै माधुर्य र प्रेमभाव भएको होली गीत गाउने मानिसको अभावका कारण लोप हुँदै गएको छ । होलीमा गाइने यस्ता गीतलाई ‘जोगिरा’ भनिन्छ ।

मिथिलाञ्चलमा गाइने यस प्रकारको जोगिराले होली पर्व

> होलीको पौराणिकता अब हराइसकेको छ । दिनहुँजसो हुने झै-झगडा, रागद्वेषको कारण होली गीत गाउन नै छाडिएको छ । होलीको तर्क, दर्शन, लौकिकतालाई गम्भीरतापूर्वक नलिइएकाले अहिलेको होलीमा संकीर्णता छाएको छ । अबको होली होली नभएर भोगवादी र सहरमुखी होली भएकाले यसको पौराणिकतासँग जोडिएको होली गीत हराउँदै गइरहेको छ ।

खेल्नेबीच सद्भाव, माया र उत्साहका साथै ऊर्जाको सन्देश सञ्चार हुने संस्कृतिविद् किशोरी साह बताउँछिन् । साहले भनिन्, ‘होली पर्व र संगीतबीच गहिरो सम्बन्ध हुन्छ । संगीतविनाको होलीको परिकल्पना नै गर्न सकिँदैन । भनिन्छ, होली पर्व मनभित्र रहेको कुण्ठित विचारलाई समाप्त पार्ने पर्व हो ।’

मिथिला नगरपालिका-२ नक्टाझिज बस्ने ७० वर्षीय रामखेलावन महतो पुख्यौंली बाजा मृदंग बजाइ फागु गीत जोगिरा गाउन नपाएकामा दुःखी मनले भन्छन्, ‘पहिले पहिले यस्ता फागु गीत जोगिरा वसन्त ऋतुको आगमनसँगै श्रीपञ्चमीदेखि फागुपूर्णिमासम्म गाउँगाउँ, टोलटोल घुमेर फागुपर्वको आगमन भएकाबारे गीत गाएर जानकारी दिने परम्परा थियो तर अहिले गीत गाउने बुढापाकाको कमी भएका कारण न त त्यति मात्रामा ढोल मृदंग नै बज्छ, न त फागु गीत नै गाइन्छ ।’

‘यसपालिको होली मुखमा आइसक्यो, न डम्फु बज्छ..न जोगिरा...का स्वर नै सुनिन्छन्न् !!’ वर्षौंदेखि जोगिरा गाउँदै आएका क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगर कुचाइटोलका ७५ वर्षीय रामसागर ठाकुर बताउँछन् । ठाकुरले भने, ‘मेरा समूहका धेरै साथीको मृत्यु भइसक्यो, कोही बुढा भएर थलिएका छन्, अझै गाउने त रस छ, तर साथ दिने कोही छैनन् ।’ वसन्त पञ्चमीसँगै होली (फागु) पर्वको सन्देश छर्ने जोगिरा...(फागु गीत) अब सुनिन छाडेपछि धनुषासहितका मिथिलाञ्चल क्षेत्रको यो पुरानो संस्कृति लोप हुने स्थितिमा पुगेको छ ।

*किनका के हाथ कनक पिचकारी,*
*किनका के हाथ अबिर झोरी ?*
*रामजी के हाथ में कनक पिचकारी,*
*सियाजी के हाथ अबिर झोरी !!*
*जोगिरा..सररर..!!’*

(कसको हातमा सुन जडित पिचकारी (लोला) छ र कसको हातमा अबिरको झोला ? रामजीको हातमा सुनजडित पिचकारी छ र सीताजीको हातमा अबिरको झोला) पौराणिक गाथाका विषयवस्तु, भक्ति, ख्यालठट्टा, प्रेमयुक्त र रस मिसिएका मैथिली भाषामा गाइने जोगिरा (फागु गीत) अब मिथिलाञ्चलमा सुनिन छाडेका छन् ।

होलिया (फागु गीत गाउने गायक)का स्वरमा घरभित्र लुकेर बसेकी नवयौवना मिथिलानीलाई उकुसमुकुस बनाउने र सबै सामाजिक पर्दा उघारेर बाहिर नाच्न आउँआउँ लाग्ने जोगिरा लोप हुँदै गएपछि फागु पर्वको सौन्दर्य स्वात्तै घटेको पुराना होलियाहरू बताउँछन् ।

सामाजिक छुवाछूत, ठूला साना जात र भिन्नभिन्न धर्म संस्कृतिप्रति परहेज गर्ने पनि एक अर्कोलाई अंकमाल गर्दै सामाजिक सद्भाव र समानताको सन्देश दिन रमाउने परम्पराको होली पर्व मिथिला संस्कृतिको धरोहर मानिन्छ । तर, यसको सौन्दर्यको महत्त्वपूर्ण अंग जोगिरा लोप हुँदै गएर अब ‘डिजे’ बज्न थालेपछि मैथिली मौलिकता हराउँदै गएको नेपाल पत्रकार महासंघ मधेस प्रदेशका अध्यक्ष राजेश कर्णले चिन्ता व्यक्त गरे ।

ख्यालठट्टा गरिने नाताबीचका नवयौवनामात्र नभई होलियाबीच नै ठट्टा गर्ने नाताबीच हुने जोगिराको कटाक्ष पनि कम मनोरञ्जक छैन । मिथिलाञ्चलमा वसन्तपञ्चमीदेखि होली गीत (जोगिरा) सुरु भएर मिथिला माध्यमिकी परिक्रमाको सातौं दिन महोत्तरीको भंगाहा नगरपालिका-९ कञ्चनवनमा यात्रीले एकापसमा रङ अबिर खेलेपछि होली पर्व मनाउन थालिने परम्परा छ । यस वर्ष पनि कञ्चनवनमा मिथिला परिक्रमाका यात्रीहरू पुगेर भव्यरूपमा होली खेलेका छन् ।

जनकपुरधाम-१२ का सतीशलाल कर्ण भन्छन्, ‘होली गीतमा पहिले कामोत्सवको मर्म, धार्मिक र आधुनिक विशिष्टता, जीवनको उमंग, ऊर्जा, संस्कृतिको प्रकाश, परम्पराको आधार, पिरती तथा उन्मुक्ति थियो तर अब उच्छृंखल गीतहरू आएकाले होलीमा माधुर्य र प्रेमभाव मिसिएको गीत विरलै सुन्न पाइन्छ ।’ दोहोरी गीतझैँ गाइने जोगिरा र होलीका गीतका कारण तराई मधेसका हरेक गाउँको वातावरणमा एक किसिमको रौनक छाएको हुन्थ्यो तर ती गीत भने अहिले लोप हुने अवस्थामा पुगेका छन् । भित्री ग्रामीण क्षेत्रमा कुनै-कुनै गाउँघरमा मात्र यस्तो जोगिरा सुन्न पाइन्छ ।

क्षीरेश्वरनाथ-७ हरिहरपुरका रामलाल महतो भन्छन्, ‘होलीको पौराणिकता अब हराइसकेको छ । दिनहुँजसो हुने झै-झगडा, रागद्वेषको कारण होली गीत गाउन नै छाडिएको छ । होलीको तर्क, दर्शन, लौकिकतालाई गम्भीरतापूर्वक नलिइएकाले अहिलेको होलीमा संकीर्णता छाएको छ । अबको होली होली नभएर भोगवादी र सहरमुखी होली भएकाले यसको पौराणिकतासँग जोडिएको होली गीत हराउँदै गइरहेको छ ।’

पहिलेपहिले बूढापाकाले रात परेपछि गाउँको बीचमा रहेको चौपालमा झयाल, मृदंग, ढोल, डम्फा र तुरकी लिएर समूहगतरूपमा होली गीत जोगिरा गाउने गरेको सखुवाबजारका सत्यनाराण साह बताउँछन् । अब त्यो समय हराएर गएको छ । अधिकांश युवा कामका लागि कतारलगायत खाडीमुलुक गएकाले होली गीत हराउँदै गएको बताउँदै धनुषाधाम नगरपालिकाका पर्वताका अमरलाल कर्ण भन्छन्, ‘अबको होली प्रेम र सद्भावको नभएर वैमनस्यतापूर्ण भएको छ । भाङको ठाउँमा रक्सी, प्रेम र सद्भावको ठाउँमा रागद्वेष देखापरेकाले अबको होलीको पौराणिकता र माधुर्य हराउँदै गएको छ ।’

धार्मिक तथा सांस्कृतिक दृष्टिकोणले अति महत्त्वपूर्ण रहेको होलीले सबै जातजातिलाई प्रभाव पारेको भए पनि होलीको रौनकता नै हराएर गएको छ । फागु पर्व सबै जातजातिले प्रेम र सद्भावका साथ मनाउँदै आइरहेका छन् । पहिलेका होली गीतमा धार्मिक तथा सद्भावको सन्देश बढी पाइन्थ्यो । अब उच्छृंखल गीतका सिडी चक्का बजारमा बढी पाउन थालिएको छ । यस्तो गीतमा अश्लील शब्द बढी भएको सखुवाबजारका रामकृपाल जयसवालको भनाइ छ ।

मिथिलाको सहरी क्षेत्रभन्दा ग्रामीण क्षेत्रमा गाइने यस्ता होली गीतमा विशुद्धरूपमा ग्रामीण होलीको महत्त्व, त्यस भेगको माटाको मन्दमन्द वासना हुने भएकाले यस्ता गीतको रक्षा गर्नु आजको आवश्यकता रहेकामा संस्कृतिविद् तथा प्राज्ञ रामभरोस कापडीको जोड छ । प्राज्ञ कापडी भन्छन्, ‘ पौराणिक होली गीतमा विषय वासना, प्रेमालाप, सीताराम र शिव पार्वतीमा केन्द्रित भएर जोगिरा गीत गाउने परम्परा थियो । अबको होली गीतमा पश्चिमी सभ्यता, उच्छृंखलता अश्लीलताजस्ता गीतले कब्जा जमाउन थालेकाले यसको माधुर्य समाप्त हुँदै गएको छ ।’

गाउँघरमा आजभोलि होलीका सांस्कृतिक गीतको साटो भोजपुरी र आधुनिक संस्कृतिले कब्जा जमाउन थालेको छ । वसन्त ऋतुको आगमन सँगसँगै वसन्तोत्सव पर्वका रूपमा मनाइने होली पर्वका अवसरमा गाइने जोगिरा लोप हुन थालेकाले यसको संरक्षणतर्फ मिथिला क्षेत्रमा काम गर्ने संस्थाले यसको पौराणिकता र सांस्कृतिक महत्त्वलाई संरक्षण गर्नुपर्ने अर्का संस्कृतिविद् रमापति चौधरी बताउँछन् । उनी भन्छन्, ‘होली यस्तो हुनुपर्छ जसमा महिला तथा पुरुष निर्धक्क भएर बाहिर निस्कन सकून् । होलीलाई एउटा यस्तो आदर्श बनाउनुपर्छ कि देश र दुनियाँले होली खेलोस् त मिथिलावासीजस्तो ।’

पौराणिक कथानुसार सत्ययुगमा राजा हिरण्यकश्यपु ज्यादै अत्याचारी राजा भएकाले आफूलाई देवताभन्दा ठूलो हुँ भन्ने घमण्ड गर्थे । उनका छोरा प्रह्लाद भगवान् विष्णुका परम्भक्त थिए । हीरण्यकश्यपुले छोरा प्रह्लादलाई विष्णुभक्तिबाट अलग गराउन होलिकासँगै आगोमा जलाउँदा होलीका डढेर भष्म भइन् भने प्रह्लादलाई केही प्रभाव परेन । सोही परम्परालाई निरन्तरता दिँदै हिन्दू समाजमा फाल्गुण शुक्लपूर्णिमाको रातमा होलिकाको दहन गरी हर्ष बढाइँ गर्ने चलन रहिआएको मान्यता छ ।

तराई-मधेस क्षेत्रमा होली पर्वमा गाइने जोगिरा गीतको संरक्षणका लागि पछिल्लो केही वर्षदेखि जनकपुरधामस्थित मिथिला नाटच कला परिषद् (मिनाप)ले गाउँगाउँबाट होलियाहरूलाई झिकाएर जोगिरा प्रतियोगिता गराउने गरेको छ । काठमाडौं उपत्यका र पहाडी जिल्लाहरूमा सोमबार होली पर्व मनाइएको छ भने तराईमा आज मनाइँदै छ । सरकारले होली पर्वमा सार्वजनिक बिदासमेत दिँदै आएको छ । *रासस*

## मननयोग्य


### चाणक्य नीति

‘मित्र ! शान्त हुनुहोस् ! देशभक्तको गुणको अनुपम भण्डार तपाईको ढुकुटी हो जसको अब पाटली पुत्रलाई नितान्त खाँचो छ । तपाईका परिवार र चन्द्रगुप्त तपाइकै प्रतीक्षा गरिरहेछन्,’ हाँसी चाणक्यले भने । मेरा मालिक स्वगृबासी हुनुभयो उहाँको तपाईहरूद्वारा हत्या भयो । अब मलाई दास (नोकर) बनाउन आउनुभयो ? मलाई यो पद चाहिँदैन-राक्षसले भने ।

‘तर तपाइको देश अहिले पनि जीवितै छ । पृथ्वी त तपाईको हो, सम्पूर्ण मगधवासी प्रजा तपाइकै हुन् । तिनीहरू तपाईलाई बोलाउँदैछन् । म आफू महामात्य बन्न सक्दिनँ । अत: चन्द्रगुप्त र मगधको रक्षा गर्न तपाईजस्तो परमगुणीको आवश्यकता बुझेर नै तपाईको अगाडि एक हादिक अनुरोध लिई आएको छु ।

‘अब चाणक्यको साधना पूर्ण भयो । आज भारतभूमिमा चन्द्रगुप्तजस्तो वीर र बुद्धिमान् सम्राट् तपाईंहरूको रक्षाका लागि रहनुभएको छ । यो शासन यस्तै किसिमसँग निर्विघ्न चलोस्, यसका लागि मुख्य सचिवको स्थान सुशोभित पार्न परमगुणी, नीतिशास्त्र जान्ने, मातृभूमिका लागि समर्पित राक्षसले आफ्नो सेवा यो देशलाई दिन स्वीकार गर्नुभयो यो राष्ट्र उहाँप्रति कृतज्ञ रहनेछ ।’

‘अर्को कुरा छिमेकी राज्य पञ्चनाद (कैकेय)- को मगधसँग अटूट सम्बन्ध भएकोमा यो ब्राह्मण कैकेय नरेशलाई साधुवाद दिन्छ । दुई शक्तिशाली राज्यले एकजुट भई एउटा नयाँ शक्ति पैदा गर्नेछन् । यस्तो मेरो विश्वास छ । यस उत्साहमा एक नयाँ समाचार कैकेय नरेशपुत्री छायाँको चन्द्रगुप्तसँग विवाहको निश्चय भएको कुरा जानकारी गराउँदैछु जसले दुवै राष्ट्र सम्बन्धी बन्नेछन् । जसरी भारतवर्ष र युनान सम्बन्धी भए ।’ क्रमश:






▶▶ वैकुण्ठ भण्डारी

# राष्ट्रपति बन्न घरदैलो गर्दै कागजी बाजे

निकै कठिन थियो त्यो बेला कागती बाजेलाई । मटयाङ्ग्रो तीन छक्क परेर कुरा गर्दथ्यो । छाड्देऊ बाजे छाड्देऊ । दिन आएपछि भगवान्ले पनि राम्रैसँग दिन्छन् चिन्ता नगर । मटयाङ्ग्रो सम्झाउने प्रयास गर्दथे । तर बाजे भक्कानिदै मटयाङ्ग्रा भन्थे, ‘खै मटयाङ्ग्रा के होला र, मैले मेरो लागि भनेर त गरेको थिएन सवैको खुसीका लागि गरेको थिए, अहिले बोल्नसमेत बोल्दैनन् ।’

‘बोलुन् पनि किन त बाजे’ मटयाङ्ग्रो भन्थ्यो । कैदीसँग बोलेर आफू पनि कैदी भईएला भन्ने गाउँलेलाई निकै नै डर थियो । त्यही डरले पनि कैदीबाजेसँग दोहोरो संवाद गर्ने कमै हुन्थे । आफ्नै भन्नेहरू पनि कैदी छुटेर आएपछि बोल्नै छाडेका थिए । छड्के-छड्के पर्दै हिँड्थे ।

उसैको स्वर बसेका बाजेका कुरो कसैले बुझ्न पनि सकस थियो । ठूलो स्वर आउँदैनथ्यो शासकहरूले छाडेका सुराकीहरूले निगरानी गरिरहेका थिए । त्यही भएर होला बाजेसँग बोल्न गाउँलेले आँट गरेका थिएनन् । जेलबाट कैदीका रूपमा गाउँ फर्केका बाजेलाई आफ्नै जन्मभूमि पनि बिरानोजस्तै भएको थियो । खान बस्न पनि समस्या पर्न थाल्यो । खेती भएर पो के गर्नु उब्जनी हुन कठिन भएपछि । मेलापात वा पर्ममा आउने छिमेकी नभएपछि गरिखान पनि त गाह्रै हुँदो रहेछ ।

बाजेलाई पर्नुसम्म पीर पर्‍यो । सहयोगी हातहरू नभएपछि बाँच्नका लागि त केही न केही गर्नुपर्‍यो । कैदी विचरालाई कसले भन्ने कसले सहयोग गर्ने ? कसले आँट गर्ने सहयोग गर्ने ? मर्नु भन्दा बौलाउनु निको भन्छन् त्यस्तै भयो बाजेलाई । बाजे एक्लो भए । तै पनि हार मानेनन् । आफ्नो बाँझो खेतलाई उर्वर बनाउँछ यहीबाट कमाउँछु भन्ने सोचे र बाँझो बारीमा कागजी खेती गरे ।

छिमेकी, आफन्त र गाउँलेको सहयोग नपाएपनि कागजीका बोट रोप्दै बसे कैदी बाजे । बाँझो बारीमा लगाएका कागजीका बोटहरू सुनजस्तै गरी बारीका डिलमा पहेंलै देखिन थालेपछि बाजेको भाग्य त त्यहीबेला नै चम्किन थालिगो नि । कैदी बाजे डोकोमा पहेलै कागजी बेकेर हरेक दिन दमौली सहर झर्न थाले । बाजेको मिहेनतले गाउँलेहरूले जिब्रो टोक्न थाले । ओहो ! हेर त कैदी बाहुनले त गर्नु गरे बाबै । बाँझो बारीमा कागजीका बोट रोपेर कति राम्रा बनाएका हुन् । हरेक दिन बाजे आफ्ना बारीमा फलेका कागती बिक्री गर्न थाले । बाजेको रूप फेरिन थाल्यो ।

कैदी बाजेबाट परिवर्तन हुँदै तनहुँमा कागती बाजेका रूपमा परिचित हुन थाले । यिनै बाजेले प्रजातन्त्रको लडाइँका लागि संघर्ष गरे तर यिनका खासै उपलब्धिमूलक दिन आएन । हुन त प्रजातन्त्र प्राप्ति पछि २०४८ सालमा भएको निर्वाचनमा निकै नै मत ल्याए विजयी भएका । ५२ सालमा उनका सभापति गिर्जाले बहुमत प्राप्त गरेको दलको नेतृत्व गरेर प्रधानमन्त्री भए पनि मध्यावधि गर्न भ्याए । त्यसमा पनि बाजेले जिते । ५६ सालमा पनि बाजेले निर्वाचनमा जिते । तर, जितेअनुसार काम किन गरेनन् ? तीन-तीन पटक जितेका कागजी बाजेले बाँझो खेतमा कागजी फलाएको बिर्सिएछन् क्यार । झेलमा भोगेको र जनताको दुःख पनि बिर्सेनन् क्यार देश र जनताका लागि फिटिक्कै केही गर्न सकेनन् ।

बरु गोल्छे सार्कीको थप्पड खाए । परिवारवादमा रमाउन थालेका कागजी बाजेलाई मटयाङ्ग्राहरूले जति नै गुन लगाए पनि रुमल्लिए । प्रधानमन्त्री बन्ने सपना बोकेर घोक्रो सुकाएर हिँडेका तिनै कागजी बाजेलाई उनकै सभापति शेरबहादुरले १७ पटक लडाइदिए । तर, प्रधानमन्त्री बन्न सफल भएनन् । १७ पटक प्रधानमन्त्रीको उम्मेदवार हुँदा पनि हार नमानेका कागजी बाजेलाई कुनै पनि हालतमा पद चाहिएको थियो थियो त्यो पनि सम्मानित पद । प्रधानमन्त्रीमा १७ पटकसम्म आफ्नै पार्टीका नेता शेरबहादुरबाट लोप्पा खाएका कागजी बाजेलाई यतिखेर भने भगवान्ले पनि साथ थिएको जस्तो देखिन्छ ।

बाजे यतिखेर राष्ट्रपति बन्नका लागि पार्टीका नाइकेहरूको घरदैलो गर्न थालेका छन् । अब बाजेका भाग्यले साथ दिएजस्तो पनि देखिएको छ । बाजेको भाग्यमा प्रचण्ड र लिङ्देनहरूले साथ दिँदै छन् । एउटा पूरै राजतन्त्र चाहिन्छ भन्ने अर्को पूरै गणतन्त्र चाहिन्छ भन्नेका भीडमा बसेर बाजेको पुपुरोमा राष्ट्रपति बन्न लेख्ने तयारी भईरहेको छ । बाजे अहिले त्यही पुपुरो बाल्नका लागि घरदैलो पो गर्न थालेका छन् । १७ पटकसम्म धोका खाएका बाजेलाई अव त धोका खान्न भन्नेमा ढुक्क छ । तर मटयाङ्ग्रालाई अझै पनि डर छ । निष्ठा, आस्था, विचार र सिद्धान्दलाई पद र पैसामा बिक्री गर्नेहरूको भीडमा बाजे कतै एक्लै पर्ने त होइनन् । हुन त दिन आईसकेको छ । एक घण्टामा नै सत्ता परिवर्तन गर्न बाहिर खेलाडीहरूका वीचमा बाजेलाई चौविस गते राती नै पो ८ रेक्टरको भुकम्पको झट्का लगाईदिने हुन् कि भन्ने पनि शंका छ । किनकी बाजेलाई राष्ट्रपति बनाउने अभियानमा शेरबहादुर प्रचण्डसँगै छन् । दुवै सत्ता र शक्तिका लागि जे पनि गर्न तयार हुन्छन् ।

राष्ट्र र जनतालाई धोका दिनु पर्‍यो भने एक घण्टामा धोका दिन सक्ने अजीव किसिमको राजनीतिक प्राणीमा पर्दछन् देउवा र दाहाल । विश्वासघाती खोज्नु परे यी दुवैलाई सँगै लिएर हिँड्दा पनि हुन्छ । यी दुवै प्राणी राष्ट्रका लागि सधैँ घातकका रूपमा नै परिचित गराउँदै छ । सायद कागती बाजेलाई यी दुई प्राणीले धोका दिने छैनन । कागजी बाजेले अव पक्कै पनि राष्ट्रपति भएभने तनहुँका जनता वा सम्धी खोज्दै नजालान् ।

आशा गरौं । कैदी बाजेबाट कागजी बाजेमा रूपान्तरण भएका पौडेल बाजेलाई दुई छट्टुहरूले सहजरूपमा नै भाग्यको रेखा कोरिदिने छन् । अन्तिम अवस्थामा धोका दिने छैनन् । १७ पटकको हारलाई सार्थक बनाउँदै राष्ट्रप्रमुख बन्ने छन् । कागजी बाजेलाई मटयाङ्ग्राका शुभकामना ।

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.



**घैँटो फुटाउने प्रतियोगिता** | फागु पूर्णिमा (होली)को अवसरमा सोमबार गुल्मीको सदरमुकाम तम्घासमा खुकुरी युवा क्लबले आयोजना गरेको घैँटो फुटाउने प्रतियोगितामा भाग लिँदै रेसुंगा बहुमुखी क्याम्पसका छात्राहरूको समूह ।

*तस्बिरः सन्तोष महतारा/रासस*

### हराउँदै पठन संस्कृति

# पुस्तकालय छन्, पाठक छैनन्

**दोधारा चाँदनी–** कुनैबेला पाठकले भरिभराउ हुने पुस्तकालय अहिले सुनसान छन् । प्रविधिको बढ्दो पहुँच र सामाजिक सञ्जालका कारण पठन संस्कृति लोक हुन थालेपछि पुस्तकालय सुनसान बनेका हुन् ।

कञ्चनपुरको भीमदत्त नगरपालिका-२ स्थित शुक्लाफाँटा सामुदायिक पुस्तकालयमा दुई वर्ष पहिलेसम्म पाठक आएर भरिभराउ हुने गरेकामा अहिले सुनसान छ । पुस्तकालयका सञ्चालक नारायण लम्साल दुई वर्षअघिसम्म पाठक प्राय:जसो आउने गरेको भए पनि अहिले आउन छाडेको बताउँछन् । 'केही वर्ष पहिलासम्म फाट्टफुट्टरूपमा पाठक आउथे अहिले कोही आउँदैनन् । पुस्तकालयमा प्रशस्तै पुस्तक छन् तर अध्ययन गर्नेको संख्या छैन,' उनले भने । अहिले सामाजिक सञ्जालका कारण खोजेको कुरा गुगलमा तुरुन्तै भेटिने भएपछि उनीहरूलाई पुस्तकालयसम्म धाउनै नपर्ने लम्सालले बताए ।

पछिल्लो समय पढ्ने बानीको विकास नहुँदा पुस्तकालय सुनसान बनेको उनको भनाइ थियो । लम्सालले विद्यालयबाटै शिक्षकले विद्यार्थीलाई पढ्न प्रेरित गर्नुपर्नेमा जोड दिए । मानिस अहिले फुर्सदमा भए पनि टिकटक, फेसबुक चलाएर बस्ने गरेकाले पढ्ने बानी हराउँदै गएको उल्लेख गरे । लम्सालका अनुसार पुस्तकालयमा १२ हजारको हाराहारीमा पुस्तक छन् ।

बेदकोट सामुदायिक पुस्तकालयमा पनि पाठक नआउँदा बन्द हुने स्थितिमा छ । २०७४ सालमा स्थापना गरिएको उक्त सामुदायिक पुस्तकालयमा अहिले अध्ययन गर्ने व्यक्ति नभएर बन्द हुने अवस्थामा पुगेको पुस्तकालयका अध्यक्ष हिक्मतबहादुर सिंहले बताए । 'अहिले मानिसमा पढ्ने बानी हराउँदै गएको छ । त्यसैले पनि यहाँ पढ्न आउनेको संख्यामा कमी हुँदै गएको छ,' उनले भने ।

पुस्तकालयलाई नयाँ प्रविधियुक्त बनाउनसके पाठकको संख्या बढ्ने उनको भनाइ थियो । पुस्तकालयमा अनुसन्धान गर्नेबाहेक अन्य कोही नआउने अध्यक्ष सिंहले बताए । पुस्तकालयमा बुढापाका धार्मिक पुस्तक पढ्न आउने गरेका छन् । 'युवापुस्ता सामाजिक सञ्जालबाट नै आवश्यक कुरा खोज्ने र मोबाइल, ल्यापटपमा नै पढ्ने गर्दछन् । सामाजिक सञ्जालका कारण मानिसमा पुस्तकालयमा आएर पढ्ने रुचि घट्दै गएको छ,' उनले भने ।

प्रगतिशील लेखक संघ सुदूरपश्चिम प्रदेशका अध्यक्ष रमेश पन्त मितबन्धुले प्रविधिको विकाससँगै पुस्तकालय पनि प्रविधियुक्त बनाउनुपर्ने बताए । पुस्तक नपढेसम्म ज्ञान हासिल गर्न नसकिने भन्दै उनले पुस्तकालयप्रति अभिरुचि राख्ने र प्रेरणा जगाउने किसिमका कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिए । अध्यक्ष मितबन्धुले सामाजिक सञ्जालको प्रयोग सही तरिकाले गर्दा नवीन ज्ञान हासिल गर्न सहयोगी हुने बताए । 'पुस्तकालयमा युवापुस्ताको रुचिका विषयसँग सम्बन्धित पुस्तक उपलब्ध हुनुपर्छ । स्रस्टाले पनि बदलिँदो परिवेशअनुरूप पुस्तक लेख्नुपर्छ,' उनले भने ।

नेपालमा ज्ञान हासिल गर्नभन्दा मनोरञ्जनको साधनका रूपमा सामाजिक सञ्जालको प्रयोग गर्नेको संख्या बढ्दै गएको उनको भनाइ थियो । त्यसैले बालबालिकालाई विद्यालयस्तरदेखि नै सामाजिक सञ्जालको सही प्रयोग गर्ने तथा पुस्तकप्रति अभिरुचि राख्नेखालका कार्यक्रम सञ्चालन गर्नसके पठन संस्कृतिलाई बचाइराख्न सकिने अध्यक्ष मितबन्धुले बताए । *रासस*

### वर्षा नहुँदाको किसानलाई पीडा

# सुक्यो गहुँबाली, मकै रोप्न ढिलाइ

■ **ध्रुवसागर शर्मा**

**गलेश्वर–** लगातारको खडेरीले म्याग्दीसहित धौलागिरि क्षेत्रमा लगाइएको गहुँबाली सुकेको छ । यो वर्ष हिउँदे वर्षा नहुँदा गहुँबाली सुकेको किसानले बताएका छन् । फागुन अन्तिम साता लागिसक्दासमेत हिउँदे वर्षा हुन सकेको छैन ।

बेनी नगरपालिका-२ का किसान चन्द्रबहादुर कार्कीले लामो समयदेखिको खडेरीका कारण गहुँबाली सुकेको बताए । 'खडेरीका कारण गहुँबाली सुकेको छ भने खेत बाँझै छन्, पानी नपर्दा बाँझो जमिनमा मकै रोप्नसमेत ढिलाइ भएको छ,' उनले भने ।

गहुँबाली सुकेपछि यहाँका किसान चिन्तित छन् । सिँचाइको सुविधा नभएका ठाउँमा खडेरीको प्रभाव बढी परेको किसानहरूले बताएका छन् । सिँचाइ सुविधा नभएकै कारण खेतमा लगाएको गहुँबाली सुकिसकेको पुलाचौरका किसान टेकबहादुर विकले बताए । उनले भने, 'खडेरीका कारण अधिकांश गहुँबाली सुकिसकेको छ । अझै पानी पर्ने छाँटकाँट छैन । यो वर्ष भोकमरी हुने सम्भावना बढेको छ ।'

खडेरीले गहुँबाली सुकेपछि घरपरिवार कसरी पाल्ने भन्ने चिन्ता थपिएको मालिका गाउँपालिका-५ का किसान डेकबहादुर बूढा बताउँछन् । खडेरीका कारण जनजीवन प्रभावित भएको उनको भनाइ छ । सिँचाइ सुविधा नभएका उच्च लेकाली र हिमाली क्षेत्रमा गहुँबाली सुकेको उनले बताए । हिमपात हुने समयमा पानी नपरेपछि बालीनाली हुर्कन नपाई सक्दै गएको किसानको भनाइ छ ।

बर्खेबालीमध्येको मकैमा जंगली जनावरले क्षति पुऱ्याउँदा हरेक वर्ष उत्पादनमा कमी आउन थालेको छ । हिउँदमा खडेरीका कारण उत्पादनमा कमी आउने तथा वर्षामा जंगली जनावरले क्षति पुऱ्याउने गरेको किसानहरू बताउँछन् । यसरी उत्पादन घट्दै गएपछि खाद्यान्न आयातमा वृद्धि हुने उनीहरूको भनाइ छ ।

म्याग्दीमा कूल ३० हजार ८५६ हेक्टर खेतीयोग्य जमिन रहेकोमा १९ हजार ४९८ हेक्टर जमिनमा खेती हुँदै आएको छ । खेती गरिएकोमध्ये छ हजार १३ हेक्टर अर्थात् ३०.८ प्रतिशत मात्रै सिञ्चित जमिन छ । एक हजार ६८० हेक्टरमा बाह्रैमहिना सिँचाइ हुन्छ भने चार हजार ३३३ हेक्टर जमिनमा मौसमी सिँचाइ हुने गरेको छ ।

#### खेतबारीमै सुक्न थाल्यो बाली

यस वर्षको हिउँदयाममा हिमपात र वर्षा नभएपछि हिउँदेबाली खेतबारीमै सुक्न थालेका छन् । अघिल्लो वर्ष माघ तेस्रो सातासम्म तीन पटक हिमपात भएको थियो । यसवर्ष फागुन अन्तिमसातासम्म पनि हिमपात र वर्षा हुन सकेको छैन । हिमपात र वर्षा नहुँदा बेँसीबाट हिमाली क्षेत्रसम्म गरिएको हिउँदेबाली खेतबारीमै सुक्न थालेका छन् ।

सिँचाइको अभावले गहुँ, जौंलगायत हिउँदे खेतीखेतबारीमै सुक्न थालेको धवलागिरि गाउँपालिका-२ लमसुङका पलु पुनले बताए । 'यो समयमा गत वर्ष तीन पटक हिमपात भएको थियो, तर यस वर्ष अहिलेसम्म हिमपात भएको छैन, गत असोजयता वर्षासमेत भएको छैन, हिउँदेबाली खेतबारीमै सुक्न लागेका छन्,' उनले भने ।

खेतमा लगाएको गहुँ, जौंसँगै तरकारी खेतीमासमेत सिँचाइ गर्न समस्या भएको धवलागिरि गाउँपालिका-७ ताकमका स्थानीय दीपक सुवेदीले बताए ।

#### हिमपातको प्रतीक्षामा किसान

यहाँका किसान सिँचाइका लागि हिमपात र वर्षाको पर्खाइमा छन् । हिमपात नहुँदा हिउँदे बालीमा सिँचाइको अभाव भएपछि अन्नबालीको उब्जनी घट्ने सम्भावना बढेको मुनाका किसान थमबहादुर घर्तीको भनाइ छ । समयमै हिउँ नपर्दा पानीका मूल सुक्ने, असिनापर्ने र त्यसले बालीनालीमा क्षति पुऱ्याउने भएकाले यहाँका किसान हिमपातको पर्खाइमा छन् ।

हिमपात नभएपछि हिमशृंखला कालापत्थर देखिन थालेका छन् । हिउँले सेताम्मे ढाकिनुपर्ने हिमालमा हिउँ पग्लिन थालेको छ । पुसदेखि माघसम्म सेताम्मे देखिनुपर्ने हिमालमा यस वर्ष हिमपातमा ढिलाइ हुँदा हिउँ पग्लिएर हिउँको मात्रा घट्दै गएका छन् । जलवायु परिवर्तनको असर हिमाली क्षेत्रमा प्रत्यक्षरूपमा पारेको स्थानीयवासीको भनाइ छ । हिउँ पग्लिएपछि हिमाल नांगिदै गएका छन् । पछिल्लो वर्षमा हिमपात पर्ने समय नै परिवर्तन भएको छ । मौसम फेरिएर पुस-माघमा हिउँ नपर्ने र फागुन-चैतमा हिउँ पर्ने गरेको स्थानीय बताउँछन् ।

हिउँ नपरेपछि धवलागिरि, नीलगिरि, अन्नपूर्ण, गुर्जा, चुरेलगायत हिमाल रङ उडेझैं फिक्का देखिन थालेका छन् । मौसमी हिमपात हुन छाडेर बेमौसमी हिमपात हुन थालेपछि स्थानीयवासीले हिमाली तथा उच्च पहाडी क्षेत्रमा जलवायु परिवर्तनको असर महसुस गर्न थालेको धवलागिरि गाउँपालिका-१ गुर्जाका वडाध्यक्ष झकबहादुर छन्त्यालले बताए । समयमा हिमपात नहुँदा हिमालमा हिउँको मात्रा घट्दै जाँदा हिमाल काला पहाडजस्ता देखिन थालेको र जंगली फूलहरूमासमेत त्यसको प्रभाव देखिएको म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ घोरेपानीका पर्यटन व्यवसायी क्याप्टेन डमबहादुर पुनले जानकारी दिए । *रासस*

# दुई घण्टाको यात्रा ४५ मिनेटमै छोटियो

**म्याग्दी (प्रस)–** जलजला गाउँपालिका-८ लस्तीदेखि वडा नम्बर ९ को बनौ जोड्ने सडक निर्माण भएपछि दुई घण्टाको यात्रा ४५ मिनेटमै पूरा गर्न सकिने भएको छ ।

सडक निर्माण भएसँगै बनौका बासिन्दालाई गाउँपालिकाको केन्द्र लामाखेत आवतजावतको दूरी घटेको हो । जलजला-९ बनौका वडाध्यक्ष गौबहादुर पुनले सर्पको गुँडभीरमा मार्ग खुलेसँगै बनौ र लस्ती सीधा सडक सञ्जालमा जोडिएको बताए ।

'बनौदेखि पाङ-अर्मादी-मालढुंगा-लामाखेत जोड्ने ४० किलोमिटर घुमाउरो सडक पार गर्न दुई घण्टा लाग्थ्यो,' उनले भने, '२० किलोमिटर दूरीको बनौ-लस्ती-लामाखेत सडक ४५ मिनेटमा पार गर्न सकिने भएको छ ।'

घुमाउरो सडकको यात्रा गर्नुपर्दा बनौवासीलाई लामाखेत आउन जान झञ्झट, सास्ती भएपछि विसं २०७५ देखि लस्ती-बनौ सडक निर्माण सुरु भएको थियो । सडक निर्माणपछि बनौका ५०० घरधुरीका साथै धाइरिङको सल्ले, एकपाटे, खानीगाउँका बासिन्दा लाभान्वित भएका छन् ।

चार वर्षको प्रयासमा सल्लेनीको सर्पको गुड भन्ने भीरमा मार्ग खोल्ने काम यसपटक सकिएको उपभोक्ता समितिका अध्यक्ष दुलबहादुर पुर्जाले बताए । 'यसअघिका तीन वर्ष बजेट विनियोजन भए पनि काम गर्न नसकेर फ्रिज भयो,' उनले भने, 'यसपालि उपभोक्ता समितिमार्फत मार्ग खोल्न सफल भयौं ।' सडक निर्माणमा संघीय सरकारबाट दुई चरणमा एक करोड ३० लाख रूपैयाँ विनियोजन भए पनि भौगोलिक कठिनाइ र जोखिम भएकाले निर्माण व्यवसायीले काम गर्न नसकेपछि सबै बजेट खर्च हुन सकेन । गत वर्ष जलजला गाउँपालिकाले २५ लाख रूपैयाँ विनियोजन गरेर ठेक्का आह्वान गरेको थियो ।

अक्करे र जोखिमयुक्त पहाडमा सडक निर्माणका लागि व्यवसायी तयार नभएपछि ठेक्का रद्द भएको थियो । यसपालि गण्डकी प्रदेश सरकारअन्तर्गतको पूर्वाधार विकास कार्यालयमार्फत ३० लाख रूपैयाँ बजेट विनियोजन भएको थियो ।

उपभोक्ता समितिका अध्यक्ष पुर्जाका अनुसार पाँच/छ जना डोजर अपरेटरलाई देखाउँदा जोखिम भएको भन्दै काम गर्न मानेनन् । डोजर अपरेटर माधव रेग्मीले ओडार परेको भिरमा काम गर्ने आँट गरे । जोखिम मोलेर संयमतापूर्वक डोजर चलाएर मार्ग खोल्न सफल पनि भए ।

# दुर्गम गाउँका ७० जना मोतियाविन्दुका बिरामीको शल्यक्रिया

**ताप्लेजुङ–** जिल्लाको फक्ताङलुङ गाउँपालिकामा सञ्चालित निःशुल्क आँखा शिविरमा ७० जना मोतियाविन्दुका बिरामीको शल्यक्रिया गरिएको छ । तिलगंगा आँखा प्रतिष्ठान काठमाडौं र फक्ताङलुङ गाउँपालिकाद्वारा आयोजित शिविरमा मोतियाविन्दुको समस्या देखिएका बिरामीको निःशुल्क शल्यक्रिया गरिएको हो ।

यही फागुन ८ गतेदेखि यस गाउँपालिकाका विभिन्न ठाउँमा भएको आँखा जाँच तथा सामान्य उपचारका क्रममा भेटिएका मोतियाविन्दुका बिरामीको शनिबार र आइतबार शल्यक्रिया भएको हो । नेपालका प्रख्यात नेत्र रोग विशेषज्ञ चिकित्सक सन्दुक रुइतसहित आँखाका स्वास्थ्यकर्मीको टोलीले शल्यक्रिया गरेको हो । चिकित्सक रुइत आफू जन्मिएको गाउँमा आएर उपचारमा संलग्न भएका हुन् । शिविरमा दुई हजार ४३० जना आँखाका बिरामीको जाँच तथा सामान्य उपचार



भएको छ । दुर्गम मानिने यस गाउँपालिकाका विभिन्न ठाउँमा आँखा जाँच तथा सामान्य उपचार सेवा सञ्चालन गरिएको थियो । गाउँपालिकाको केन्द्र तापेथोकमा शल्यक्रिया गर्ने व्यवस्थापन गरेर मोतियाविन्दुको समस्यामा परेकाको उपचार भएको गाउँपालिका प्रमुख मुक्ति लाबुङले जानकारी दिए ।

बिरामीलाई शल्यक्रिया गर्ने स्थानसम्म आउन सवारी साधन र खानबस्नेको व्यवस्था गाउँपालिकाले गरेको गाउँपालिका प्रमुख लाबुङले जानकारी दिए । जटिल समस्या देखिएका चार जनालाई भने तिलगंगा आँखा अस्पतालमा उपचारका लागि सिफारिस भएको छ । दुर्गम ठाउँमा शिविर सञ्चालन हुँदा सेवा पाएका स्थानीयवासी भने खुसी भएका छन् । *रासस*

# ओझेलमा रानाथारूको होली

**दोधारा चाँदनी–** कञ्चनपुर र कैलालीमा बसोबास गर्ने रानाथारु समुदायको ३८ दिनको होली ओझेलमा परेको छ । अन्य समुदायको होली पर्वभन्दा पृथक तरिकाले मनाइने सो समुदायको होली ३८ दिनसम्म मनाइन्छ ।

माघ पूर्णिमादेखि सुरुआत सो होली दुई चरणमा मनाइने गरिन्छ । पहिलो चरणअन्तर्गत माघ पूर्णिमादेखि फागुन पूर्णिमासम्म जीउँदो होली मनाइन्छ । यसपछिको आठ दिनको समय मृत होली मनाउने प्रचलन रहेको छ ।

फागुपूर्णिमापछि सो समुदायमा होलीको निकै रौनक छाउँछ । गाउँभरिका महिला पुरुष वृद्धदेखि बालकसम्म सबैजना रातदिन होली खेल्छन् । माघ महिनाको पूर्णिमाको दिन होलीको प्रतीक पुतला स्थापना गरी होलीको सुरुआत गरिन्छ । माघ पूर्णिमादेखि फागुन पूर्णिमासम्म जीउँदो होली र फागुन पूर्णिमापछि आठ दिनसम्म मृत होली खेल्ले परम्परा रहे पनि पछिल्ला वर्षमा होली खेलिने समय छोटिँदै गएको राना समुदायका अगुवा बताउँछन् ।

कञ्चनपुरको भीमदत्त नगरपालिका-१९ का साहेब रानाले होली खेल्ले समय छोटिदै गएको बताए । 'परम्पराअनुसार यो समयमा हाम्रो समुदायमा होलीको रौनक

> माघ पूर्णिमाका दिन गाउँका दाजुभाइ गुइँठा, काठ दाउरा, तोरीको सुकेको डाँठ एकै ठाउँमा थुपार्छन् । गाउँको चौकीदारले घरघरबाट ल्याएको पूजा सामग्रीसहित यसरी होली राख्ने परम्परागत चलनलाई रानाथारू भाषामा 'होरी धरन' भनिन्छ ।

हुनुपर्ने हो,' उनले भने, '३८ दिनसम्म लगातार दुई चरणमा खेलिने होली अन्य समुदायको जस्तै तीन/चार दिनमा सीमित हुने गरेको छ ।' उनले पछिल्लो पुस्ताले अन्य समुदायको सिको गर्दै दुई/तीन दिनमात्रै होली खेलिने गरेको बताए ।

'पहिला रातभर पनि महिना दिनसम्म होली खेलिन्थ्यो अहिले त्यो रौनक देखिँदैन,' उनले भने, 'अहिले त होली गाउने मान्छे पाउनै मुस्किल छ ।'

माघ पूर्णिमाका दिन गाउँका दाजुभाइ गुइँठा, काठ दाउरा, तोरीको सुकेको डाँठ एकै ठाउँमा थुपार्छन् । गाउँको चौकीदारले घरघरबाट ल्याएको पूजा सामग्रीसहित यसरी होली राख्ने परम्परागत चलनलाई रानाथारु भाषामा 'होरी धरन' भनिन्छ । यसको उद्देश्य होलीलाई मथुराबाट आफ्नो गाउँसम्म बोलाउने वा निमन्त्रणा गर्ने हो भन्ने जनविश्वास रहेको सो समुदायका जानकारहरू बताउँछन् ।

यसरी होलीको प्रतीक स्थापना गर्ने क्रममा र गरिसकेपछि उपस्थित सबै मिलेर ढोल बजाउने, गीत गाउँदै नाच्ने प्रचलन रहिआएको छ । कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-४ असैनाका धनबहादुर रानाले होली पर्वको समय छोटिँदै गए पनि युवापुस्ता संस्कृति संरक्षणमा लागेको बताए ।

'परम्पराअनुसार माघ पूर्णिमादेखि हरेक दिन बेलुकी खाना खाएर फागुपूर्णिमासम्म जिउँदो होली र त्यसपछिका आठ दिन मृत होली खेल्छौं,' उनले भने, 'हामी युवा हाम्रा परम्पराको संस्कृति संरक्षणमा लागेका छौं ।' उनले युवा पढाइ र रोजगारीका लागि अन्यन्त्र रहेको र बुढापाकाले होली खेल्न नसक्दा होली पर्वको समय छोटिएको बताए ।

सो समुदायले होली पर्वमा सु-स्वास्थ्य र लामो आयुका लागि आशीर्वाद माग्ने चलन रहेको भीमदत्त-१४ की वसन्ती रानाले बताइन् । 'पहिलाको जस्तो रौनक अहिले हुँदैन विस्तारै कम हुँदै गएको छ,' उनले भनिन्, 'पहिला हामी हाम्रो परम्परागत पहिरन लगाएर होली पर्व महिनौं खेल्थ्यौं, अहिले त्यस्तो रौनक छैन ।'

महिलाहरूले घगरिया, अङिया, फतुई (सिक्काको माला) र पुरुषले घगिया पहाना, तुल फेरा (परम्परागत पहिरन) लगाएर रातभरि होली खेल्ने प्रचलन छ । पछिल्लो समय डिस्को डिजेमा मात्रै सीमित हुने र होली खेल्ने समय पनि छोटिँदै गएकोप्रति पाका पुस्ताले चिन्ता व्यक्त गरेका छन् । सो समुदायका जानकारका अनुसार हिरण्यकश्यपले विष्णु भगवान्का भक्त आफ्नो छोरा प्रल्हादलाई अग्निमा नजल्ने बरदान पाएकी आफ्नी बहिनी होलिकासँग आफ्नो काखमा राखेर जलाउने भनी आदेश दिएका थिए ।


प्रल्हादले पनि आफ्नो बुबाको कुरा नकाटी फुपू होलिकाको काखमा बसे । जब होलिकालाई आगो लगाइयो, त्यस समय होलिका जलेर राख भइन् भने प्रल्हादलाई अग्निले केही गर्न सकेन । यस दिनदेखि असत्यमाथि सत्यको विजय भयो भनेर होली पर्व मनाउन सुरुआत भएको जनाइएको छ । *रासस*

प्रभाव दैनिक

रूपशाला

## सुटिङका क्रममा अमिताभ बच्चन घाइते

फिल्मी सुटिङका क्रममा बलिउड अभिनेता अमिताभ बच्चन घाइते भएका छन् । हैदरावादमा भएको सुटिङको क्रममा आफू घाइते भएको उनले आफ्नो ब्लगमार्फत जानकारी दिएका छन् । एक्सन सिनको सुटिङका क्रममा करङमा चोट लागेपछि उनको हैदरावादमा स्वास्थ्य परीक्षण गरिएको थियो । स्वास्थ्य परीक्षणपछि उनलाई डिस्चार्ज गरिएको र हाल मुम्बईस्थित आफ्नो घरमा आराम गरिरहेका छन् । उनी प्रभासको फिल्म 'प्रोजेक्ट ए' को सुटिङमा थिए ।



मंगलबार, २३ फागुन २०७९ (Tuesday, March 07, 2023)

# साहित्यकार पौडेल सम्मानित



**काठमाडौं (प्रस)**– लायन्स क्लब इन्टरनेशनले साहित्यकार दिल पौडेललाई सम्मान गरेको छ । क्लबको १८ औं रिजन कन्फ्रेन्सको अवसरमा राजधानीमा सम्पन्न एक विशेष कार्यक्रममा साहित्यकार तथा समाजसेवी दिल पौडेललाई सम्मान गरिएको हो । साहित्य लेखन तथा नेपाली भाषा साहित्य क्षेत्रमा पुऱ्याएको योगदानको उच्च मूल्यांकन गर्दै उनलाई सम्मान गरिएको हो ।

नेपाली गद्य कविता आख्यान, समिक्षा, समालोचना, गीत र पछिल्लो समय आठौं कृतिका रूपमा प्रकाशित पौडेलको 'ऐलानी घाममा' नेपालमै सबैभन्दा धेरै २०७८ वटा हाइकु संग्रह प्रकाशन गरिसकेका छन् ।

नेपाली साहित्यमा उल्लेखनिय योगदान पर्याउनका साथैं सामाजिक सेवामा समर्पित रहेका पौडेलले २०४८ साल देखी सिन्धुलीको दुधौली एवं विभिन्न जिल्ला बाट प्रकाशन हुने अखबारहरूमा सम्बाददाता, सम्पादक र प्रकाशकका रूपमा काम गरिसकेका छन् । हाल उनी निजामती सेवा, दुधौली प्रज्ञा प्रतिष्ठानको अध्यक्ष तथा दुधौली एफ.एम.को अध्यक्ष समेत छन् । सम्मानपछि बोल्दै साहित्यकार पौडेलले आँफु जिवित रहेसम्म समाजको विकृती बिसंगतीको चिरफार गर्न साहित्यको माध्यमबाट निरन्तर कलम चलाउने बताए । उनले आवाज बिहिनहरूको आवाजको सारथी बन्ने बचनबद्धता समेत व्यक्त गरे । कार्यक्रममा पौडेलले उनका २ गजलहरू समेत वाचन गरेको थिए ।

## 'काटी पलायो डाली'बाट उदाएकी रोशनी



■ प्रभाव संवाददाता

**काठमाडौं–** 'गीतसंगीतमा संघर्ष र मिहिनत त अति नै चाहिन्छ' गायिका रोशनी रसाइँलीले सुरुमै संघर्षको गाँठो फुकाइन् । उनले थपिन्, 'तर, रहर र इच्छा भएपछि संघर्ष गर्नु पनि मज्जा नै आउँछ ।'

सानैदेखि गायनप्रति रहर गर्दै आएकी रोशनीले जब 'काटी पलायो डाली' बोलको लोकदोहोरी गाइन्, तब उनी गायिकाको रूपमा चिनिन थालिन् । यो कुरा सन् २००९ को हो । अर्थात रोशनीलाई आफ्नो पहिलो गीतले नै सांगीतिक फाँटमा चिनायो । रोशनी भन्छिन्, 'जुन युगल गीत थियो । तर, मलाई त्यही गीतले चिनायो ।'

रोशनी करिब १४ वर्षदेखि सांगीतिक क्षेत्रमा संघर्षरत छिन् । यहाँसम्म आउँदा एक सयभन्दा बढी गीतमा स्वर दिइसकेकी उनी भन्छिन्, 'म त अझै संघर्षरत नै छु ।'

गीतसंगीतमा साधना अपरिहार्य हुन्छ भन्ने उनको मान्यता छ । गायिका रोशनी भन्छिन्, 'गायनमै करिअर खोज्ने हो भने मिहिनत पनि उत्तिकै आवश्यक छ । संघर्ष र मिहिनतविना सांगीतिक यात्रामा सफलता सम्भव हुन्न ।' यस्तै मान्यताका कारण रोशनी आज नेपाली सांगीतिक क्षेत्रमा सदावहार गायिका बनेकी छन् ।

बागलुङमा जन्मेहुर्केकी रोशनी स्थानीयस्तरको सांगीतिक प्रतियोगिताहरूमा सहभागी जनाउँदा जनाउँदै गायनलाई करिअर बनाउने उद्देश्यसहित काठमाडौं छिरेकी हुन् । उनी भन्छिन्, ' काठमाडौं टेकेदेखि निरन्तर गायनमै छु ।' रोशनीले हालसम्म तीन दर्जनभन्दा बढी गीत गाइसकेकी छन् । तीमध्ये 'शेल्फी खिचिन्छ', 'तेतिस किलो सुन', 'मै राम्री छु रे'जस्ता उनका गीत चर्चित छन् । नेपाली गीतसंगीतमा योगदान पुर्याएवापत विभिन्न अवार्ड र सम्मानहरू समेत प्राप्त गरिसकेकी छन् ।

उनले श्रीलंकाको राजधानी कोलम्बोमा 'आयोजित दक्षिण एशियाली साझेदारी शिखर सम्मेलन तथा व्यापार मेला-२०२१'मा उत्कृष्ट महिला गायिका (अन्तर्राष्ट्रिय अवार्ड) हासिल गरिन् ।

यस्तै, सन् २०२१ मा उनी 'साली भेना' गीतमार्फत उत्कृष्ट दोहोरी गायिकाको अवार्ड पाइन् । रोशनीले 'स्टार म्युजिक एण्ड फिल्म अवार्ड', 'छायाँछवि तीज संगीत पुरस्कार'लगायतका एक दर्जनभन्दा बढी अवार्ड र पुरस्कारबाट सम्मानीत भइसकेकी छन् ।

रोशनी गीतसंगीतबाट खुसी रहेको बताउँछिन् । रोशनी भन्छिन्, 'दर्शक/श्रोताको माया र नाम पाएकी छु । कलाकारका लागि दर्शकको माया, हौसला र नाम नै ठूलो कुरा हो । पैसा कमाउन वा नकमाउनु बेग्लै कुरा । तर, म खुसी छु ।' उनी स्वरले साथ दिएसम्म गीतसंगीतमा रहने बताउँछिन् । 'गायनबाहेक अरु सोच्न सक्दिनँ' उनी भन्छिन्, 'यतिका वर्ष गायनमै बिताइसकेँ । अब मेरो बाँकी दिन पनि गीतसंगीतमै बिताउनेछु ।'

# प्रेमाको होली जोडी



**काठमाडौं (प्रस)–** अभिनेत्रीद्वय शुभेक्षा खड्का र सृष्टि श्रेष्ठ तथा अभिनेता अरुण क्षेत्री स्टारर त्रिकोणात्मक प्रेमकथाको फिल्म 'प्रेमा' आगामी चैत १७ अर्थात मार्च ३१ मा रिलिज हुँदैछ । बाघठाटा फिल्म फ्याक्ट्रीको व्यानरमा निर्माण गरिएको फिल्ममा गोविन्द सिंह भण्डारीको लेखन तथा निर्देशन छ ।

फागु पूर्णिमा अर्थात् होलीलाई लक्षित गर्दै फिल्मका प्रमुख दुई कलाकार अरुण र शुभेक्षाले होली फोटोसुट गरेका थिए । तस्बिरमा रातो रंगमा अरुण र शुभेक्षाको जोडीलाई निकै सुहाएको छ । उनीहरूले विभिन्न पोजमा आकर्षक तस्वीर खिचाएका छन् ।

थापाथलीस्थित युएन पार्कमा खिचिएको तस्वीरमा दुवैलाई निकै रोमान्टिक मुडमा देख्न सकिन्छ । निर्देशक भण्डारीले फिल्मको प्रमोसनमा होलीले पनि महत्वपूर्ण भूमिका खेल्ने भएकाले फोटोसुट गरिएको बताए ।

काठमाडौं, धनगढी र कर्णालीमा सुटिङ गरिएको फिल्ममा अरुण, शुभेक्षा र सृष्टिका अलावा विमला केसी, हिउँवाला गौतम, पुरण जोशी, सबिन बास्तोला, रोशनी स्याङबो, प्रकाश बस्नेत, महान थापा, सुरेन्द्र बसेल, भिभियाना थपलिया(काजु)को अभिनय छ ।

फिल्म 'प्रेमा' गोविन्द सिंह भण्डारी र विवेक घिमिरेले निर्माण गरेका हुन् । सामर्थविक्रम थापाको कार्यकारी निर्माण रहेको फिल्ममा सुशान्त गौतमको संगीत, सुशान्त, सबिन एकतारे र अनिल शर्माको गीत, चन्द्र भट्टराईको प्रमुख सहायक निर्देशन, अमित श्रेष्ठको व्याकग्राउण्ड स्कोर र ५.१ मिक्सिङ, शैफुद्दीन कादर मोहम्मदको क्रिएटिभ हेड, कृष्ण भण्डारीको सम्पादन तथा रंग संयोजन र महेश पौडेलको डीओपी छ । फिल्मलाई उपत्यकामा जीजीए ग्रुप र उपत्यका बाहिर एफडी कम्पनीले वितरण गर्दैछ ।

रंगशाला

# पल्सर स्पोर्ट्स अवार्डको तयारी पूरा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ)ले मंगलबार आयोजना हुने पल्सर स्पोर्ट्स अवार्ड २०७८ को तयारी पूरा भएको जनाएको छ ।

मञ्चको आयोजनामा हुँदै आएको यस वर्षको अवार्ड पनि कमलादीस्थित प्रज्ञा प्रतिस्ठानमा एक भव्य समारोहबीच सञ्चालन हुनेछ । मञ्चका कार्यवहाक अध्यक्ष निरञ्जन अधिकारीले अवार्डका लागि सम्पूर्ण तयारी भएको जानकारी दिए । 'हामीले यो अवार्डका लागि एक महिनाभन्दा अगाडिदेखि तयारी गरिरहेका छौं । त्यसैले एकदिन अगाडि समारोहका




काम मात्र बाँकी थिए । आयोजना स्थललगायत केही काम पनि सोमबार नै सम्पन्न भएपछि हाम्रो तयारी पूरा भएको छ,'कार्यवहाक अध्यक्ष अधिकारीले भने । मञ्चले २०६० सालदेखि अवार्ड निरन्तर आयोजना गर्दै आइरहेको छ ।

१९औं संस्करणको पल्सर स्पोर्ट्स अवार्डमा विभिन्न ९ विधामा खेलाडी र खेलकर्मीलाई सम्मानित गर्ने यसअघि नै सार्वजनिक गरिसकेको छ । यस पटक अवार्डमा नयाँ प्रस्तुती थपिएकाले विशेष बन्ने विश्वास रहेको मञ्चका कार्यवहाक अध्यक्ष अधिकारीको विश्वास छ । 'चर्चित अन्तर्राष्ट्रिय अवार्ड सोहरू कान्स र ओस्कारमा जस्तै एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्डमा पनि रेड कार्पेटको थालनी गर्दैछौं । अवार्डको मुख्य समोराहको एक घन्टा अगाडिदेखि नै मञ्चको फेसबुक र युट्युब च्यानलमा रेड कार्पेटको प्रत्यक्ष प्रशारण हुनेछ,'अधिकारीले भने, 'त्यसबाहेक अन्य विशेष प्रस्तुत पनि यस पटकदेखि सुरु गरिएको छ ।'

मञ्चले खेल क्षेत्रबाट अतुलनीय योगदान गरेर नेपालको नाम अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाउने खेलाडी, प्रशिक्षक र खेलकर्मीलाई यस वर्ष सम्मान गर्दै छ । पल्सर स्पोर्ट्स अवार्डअन्तर्गत लाइफटाइम एचिभमेन्ट, पारा एथलिट, स्पेसल, एसियन स्पोर्ट्स जर्नालिस्ट अवार्ड विधाको विजेता घोषणा कार्यक्रम हुने दिन फागुन २३ गते नै घोषणा गरिनेछ । अन्य पाँच विधामा ५/५ खेलाडी मनोनयन यसअघि नै सार्वजनिक भइसकेको छ । जसअन्तर्गत पिपल्स च्वाइस विधामा क्रिकेटका आसिफ शेख, फुटबलका अञ्जन विष्ट, टेनिसकी अभिलाषा विष्ट, पौडीकी डुवाना लामा र भलिबलकी उषा भण्डारी छन् ।

ईसेवाको भोटिङ, फेसबुक लाइक, प्रमुख प्रशिक्षक र मञ्चका सदस्यको मतमार्फत पिपल्स अवार्डको विजेता तय हुनेछ । यसपटक वर्ष पुरुष खेलाडीको मनोनयनमा फुटबलका अञ्जन विष्ट र किरण चेम्जोङ, क्रिकेटका कुशल भुर्तेल र दीपेन्द्रसिंह ऐरी तथा ब्याडमिन्टनका प्रिन्स दाहाल परेका छन् । वर्ष महिला खेलाडीको मनोनयनमा भलिबलकी अरुणा शाही, क्रिकेटका रुबिना क्षेत्री र सीता रानामगर, एथलेटिक्सकी पुष्पा भण्डारी र बक्सिङकी पुनम रावल छन् । वर्ष युवा खेलाडीको मनोनयनमा फुटबलका मनीष डाँगी, बक्सिङका छिरिङ वाङ्दी शेर्पा, ब्याडमिन्टनकी रसिला महर्जन, फुटबलकी प्रीति राई र भलिबलकी उषा भण्डारी छन् ।

वर्ष प्रशिक्षकतर्फ फुटबलका अब्दुल्लाह अलमुताइरी, क्रिकेटका अस्ट्रेलियन डेभ ह्वाटमोर, पारा तेक्वान्दोका कविराज नेगी, बक्सिङका दीपक महर्जन र भलिबलका जगदीश भट्ट मनोनयनमा परेका छन् । विगतमा जस्तै वर्ष पुरुष, महिला, पिपल्स च्वाइस र वर्ष प्रशिक्षकका विजेताले पल्सर मोटरसाइकल पाउने छन् । यस वर्षदेखि युवाका विजेतालाई पनि पल्सर मोटरसाइकल प्रदान गरिने मञ्चले जनाएको छ । अन्य विधाका विजेतालाई ५० हजार रूपैयाँसहित गिफ्ट ह्याम्पर प्रदान गरिनेछ ।

एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्डको मुख्य प्रायोजक हंशराज हुलासचन्द एन्ड कम्पनी प्रालि रहेको छ । सह-प्रायोजकहरूमा सूर्य नेपाल प्रालि, ई-सेवा, रोयल सिंगी होटल, एडिडास, इमेजिङ, प्लाजा होटल ग्रुप, सुबिसु र न्यु होराइजन कार्पेट इन्डस्ट्री रहेका छन् । सहयोगी संस्थामा राष्ट्रिय खेलकुद परिषद, नेपाल ओलम्पिक कमिटी र बाग्मती प्रदेश खेलकुद विकास परिषद् छन् ।

आइसिसी विश्वकप लिग-२

# युएईविरुद्ध नेपालको शानदार जित

### भीम सार्कीको अर्धशतकका साथै सन्दीप र आरिफको सुझबुझपूर्ण ब्याटिङ अनि दीपेन्द्र र सोमपालको उत्कृष्ट बलिङ

■ प्रभाव संवाददाता




**काठमाडौं–** 'म्यान अफ द म्यान' भिम सार्कीको उत्कृष्ट प्रदर्शनले नेपालले महत्वपूर्ण खेलमा युएईविरुद्ध जित हात पारेको छ । युएईमा जारी आइसिसी विश्वकप लिग टू अन्तर्गतको त्रिकोणात्मक सिरिजमा नेपालले घरेलु टोलीलाई ४२ रनले पराजित गरेको हो ।

दुबई अन्तराष्ट्रिय क्रिकेट स्टेडियममा सोमबार भएको यस सिरिजको अन्तिम खेलमा नेपालले शानदार जित हात पारेको हो । नेपालले दिएको २ सय ३० रनको लक्ष्य पछ्याएको युएईले ४५ ओभरमा अल आउट हुँदै १ सय ८७ रन मात्र बनायो । युएईका लागि ओपनर मुहम्मद वासिम शुन्य रनमा आउट भएका थिए । अर्का ओपनर आसिफ खानले ८२ रनको अर्धशतकीय ईनिङ खेले ।

आर्यन लाक्राले ५० रनको अर्धशतकीय ईनिङ खेले । वृत्य अरबिन्दले १३ रन बनाउँदा युएईका अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् । एक समय बलियो अवस्थामा रहेको युएईलाई दीपेन्द्र सिंह ऐरीले लगातार दुई बलमा दुईजना आउट गराएपछि नेपालको जित सम्भव भएको थियो ।

नेपालका लागि दीपेन्द्र सिंह ऐरी र सोमपाल कामीले समान ३/३ तथा आरिफ शेख, करण केसी र सन्दीप लामिछानेले समान १/१ विकेट लिए । दीपेन्द्रले ८ ओभरमा १८ रन खर्चिएर ३ विकेट लिएका थिए भने सोमपालले ७ ओभरमा २६ रन खर्चिएर ३ विकेट लिएका थिए ।

पहिला ब्याटिङ गरेको नेपालले ५० ओभरमा ८ विकेट गुमाएर २ सय २९ रन बनाएको हो । नेपालका लागि भिम सार्कीले ९९ बलमा ७० रन बनाए । भिमले ७ चौका प्रहार गरेका थिए । आरिफ शेखले अविजित ४३ रन बनाउँदा कुशल मल्ल ३२ रनमा आउट भए । सन्दीप लामिछानेले २७ रन बनाउँदा करण केसीले १७ रन बनाए ।

नेपालले ओपनिङ ब्याट्स्यान कुशल भुर्तेलको स्थानमा ओपनिङमा आएका ज्ञानेन्द्र मल्ल, आशिफ शेख र कप्तान रोहित पौडेलसहितका शीर्ष ५ ब्याट्सम्यान सस्तैमा पेभेलियन फर्किएका थिए । एकसमय नेपालले ६८ रन बनाउँदा आफ्ना महत्वपूर्ण ५ विकेट गुमाइसकेको थियो । त्यसपछि व्याटिङ सन्दीप लामिछानेलाई विश्वास गर्दै कप्तान रोहित पौडेलले ठूलो 'रिस्क' लिए । तर, सन्दीपले कप्तान पौडेलको विश्वासलाई खेर जान दिएनन् । उनले भीम सार्कीसँग उत्कृष्ट साझेदारी गर्दै नेपाललाई सम्मानजनक योगफलतर्फ लैजान सहयोग गरे । सन्दीपपछि आएका आरिफले पनि उत्कृष्ट खेल प्रदर्शन गरे ।

युएईका लागि जुनेद सिद्धिकीले ३ तथा आर्यन लाक्रा र रोहन मुस्ताफाले समान २/२ विकेट लिए । सिद्धिकीले १० ओभरमा ५३ रन खर्चिंदै ३ विकेट लिएका थिए ।

यस सिरिजमा दुवै टोलीको दोस्रो पटक आमने सामने भएका थिए । पहिलो खेलमा नेपाल युएईसँग पराजित भएको थियो । नेपालले पीएनजीविरुद्ध दुवै खेलमा जित हात पारेको थियो । समग्रमा नेपालले खेलेका ४ खेलमा ३ मा जित हात पारेको थियो भने युएईले १ मात्र जित हात पारेको छ भने पीएनजीले २ खेलमा जित हात पारेको छ ।

पीएनजीमा आयोजना हुनुपर्ने यो सिरिज मैदानको अवस्थाको कारण युएईमा सारिएको थियो । २०१९ देखि जारी रहेको विश्वकप लिग टूको सिरिजमा नेपालको यो विदेशमा हुने अन्तिम त्रिकोणात्मक सिरिज पनि हो ।

नेपाल ३२ खेलमा १५ मा जित र १५ मा हारसहित ३२ अंकमा रहेको छ । नेपाल अंक तालिकाको पाँचौ स्थानमा छ ।

युएई ३२ खेलमा १४ मा जित र १५ मा हारसहित ३१ अंकका साथ छैटौं स्थानमा छ । अब नेपालमा यी तीनै टिमबीच अर्को त्रिकोणात्मक सिरिज हुँदैछ । नेपाल अब बाँकी रहेका चार वटै खेलमा जित हात पार्दै विश्वकप छनोटको खेल खेल्ने अभियानमा रहेको छ । नेपालले एकदिवसीय मान्यताका लागि अझै कम्तीमा २ वटा खेलहरू आफ्नो पक्षमा पार्नुपर्नेछ ।



उत्तरपूर्वी चीनको हेलङजिआङ प्रान्तको राओहे काउण्टीस्थित फरेस्ट पार्कमा जडान गरिएका वाइन्ड टर्बाइन (वायु पंखा)हरू । यो हावाबाट बिजुली निकाल्ने प्रयोजनका लागि जडान गरिएको हो । *तस्बिरः सिन्ह्वा*

# बोलिभिया र निकारागुआका राष्ट्रपति भेनेजुएलामा

**काराकस–** भेनेजुएलाका पूर्व राष्ट्रपति ह्युगो चाभेजको निधनको १०औं स्मृति दिवसका अवसरमा आयोजित समारोहमा भाग लिन बोलिभियाका राष्ट्रपति लुइस आर्स र निकारागुआका राष्ट्रपति ड्यानियल ओर्टेगा आइतबार भेनेजुएला आइपुगेका छन् ।

डाउनटाउन कराकसबाट करिब २१ किलोमिटर टाढा रहेको माइकेटिया अन्तर्राष्ट्रिय विमानस्थलमा, आर्सेले पत्रकारहरूलाई दिएको जानकारीअनुसार चाभेजलाई श्रद्धाञ्जलि अर्पण गर्न कार्यक्रममा उपस्थित हुन पाउँदा खुसी छन् । उनले चाभेजको बारेमा बोल्दै भने, 'महान मातृभूमि (ल्याटिन अमेरिकाको) चाभेजको विरासतमध्ये एक रहेको थियो । आफ्नो समयमा प्रस्ताव गरेका धेरै चीजहरू, जस्तै बैंक अफ द साउथ महत्त्वपूर्ण छन् ।'

यसैबीच ओर्टेगाले थुप्रै ल्याटिन अमेरिकी देशहरू विरुद्ध संयुक्त राज्य अमेरिकाले लगाएको एकतर्फी प्रतिबन्ध र नाकाबन्दीको निन्दा पनि गरेका छन् ।

सन् २०१३ मार्च ५ मा निधन भएका चाभेजको सम्झनामा हजारौं भेनेजुएलावासीहरूले आइतबार घरबाहिर निस्किएर हार्दिक श्रद्धाञ्जलि व्यक्त गरेका छन् । *रासस/सिन्ह्वा*

# 'आधुनिक समाजवादी देश निर्माण गर्नु नै प्रमुख कार्यभार'

**बेइजिङ–** चीनका राष्ट्रपति सी चिन फिङले आधुनिक समाजवादी देश निर्माण गर्नु नै प्रमुख कार्य भएको बताएका छन् । चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिका महासचिव तथा केन्द्रीय सैन्य आयोगका अध्यक्षसमेत रहेका सीले चीनको १४औं राष्ट्रिय जनकंग्रेसको पहिलो अधिवेशनमा जियाङ्सु प्रान्तका प्रतिनिधिमण्डलका सदस्यहरूसँग छलफलमा भाग लिँदै आइतबार उक्त टिप्पणी गरेका हुन् । *रासस/सिन्ह्वा*

# जोर्डनका नरेशको आग्रह

**अम्मान–** जोर्डनका नरेश अब्दुल्लाह द्वितीयले प्यालेस्टाइनी क्षेत्रहरूमा शान्त रहन आग्रह गरेका छन् । उनले आइतबार सो आग्रह गरेका हुन् । उनले प्यालेस्टाइनी क्षेत्रका नागरिकलाई शान्त र संयमित रहन आग्रह गरेका नरेश अब्दुल्लाह द्वितीयको सचिवालयको विज्ञप्तिमा जनाइएको छ ।

यस क्षेत्रमा शान्ति र स्थायित्व कायम गर्नुपर्नेमा जोड दिँदै यसका लागि सबै नागरिक शान्त र संयमितरूपमा रहनुपर्नेमा जोड दिइएको थियो । उनले अम्मानमा संयुक्त राज्य अमेरिकाका रक्षामन्त्री लियोड अस्टिनसँगको भेटका क्रममा सो आग्रह गरेका सो समाचारमा जनाइएको छ ।

सो भेटका क्रममा उनले इजरायल र प्यालेस्टाइनका बीचको समस्या समाधानका लागि मार्ग तय गर्न पनि अमेरिकी रक्षामन्त्रीलाई आग्रह गरेका थिए । दुवैतर्फको सहमति र सहकार्यमा शान्तिपूर्ण माध्यमबाट इजरायल प्यालेस्टाइनी समस्याको समाधान गर्नुपर्नेमा उनले जोड दिएका थिए । अमेरिकी रक्षामन्त्री अस्टिन जोर्डनको भ्रमणका लागि आइतबार राजधानी अम्मान पुगेका छन् । *रासस/सिन्ह्वा*

# आप्रवासी कानुन कडा बनाउँदै बेलायत



**लण्डन–** बेलायतका प्रधानमन्त्री ऋषि सुनकले देश प्रवेश गर्ने अवैध आप्रवासीहरूलाई चेतावनी दिँदै उनीहरूले शरणका लागि निवेदन दिन नसक्ने बताएका छन् । बेलायतले युरोपबाट आफ्नो सिमाना पार गर्ने आप्रवासीहरूको निरन्तर दबाब सामना गरिरहेको बेला प्रधानमन्त्री सुनकले आइतबार यस्तो कडा टिप्पणी गरेका हुन् । सुनकको सरकारले यस हप्ताको अन्त्यमा अवैध अध्यागमनलाई कडाइ गर्ने कानुनलाई अगाडि बढाउने अपेक्षा गरिएको फक्स न्युजले उल्लेख गरेको छ ।

'अवैध आप्रवासन बेलायती करदाताहरूका लागि उचित छैन, कानुनी रूपमा यहाँ आउनेहरूका लागि यो उचित छैन र अपराधी गिरोहहरूलाई उनीहरूको अनैतिक गतिविधि जारी राख्न दिनु उचित होइन। म अवैध आप्रवासीका डुंग्राहरू रोक्ने मेरो वाचा पूरा गर्न कटिबद्ध छु,' उनले भने ।

बेलायतमा गैरकानुनी आप्रवासीहरूलाई सीमा पार गरेपछि त्यहाँ शरण लिनका लागि दाबी गर्न अनुमति दिने कानुन छ । सामान्यतया, आप्रवासीहरूलाई उनीहरूको मुद्दा चलिरहेको बेलामा बस्न अनुमति दिइन्छ तर नयाँ कानुनले त्यस्ता आप्रवासीहरूलाई शरण दाबी गर्नबाट रोक्ने बताइएको छ । लामो समयदेखि फ्रान्सबाट जोखिमपूर्ण बाटो भएर बेलायत पुग्ने शरणार्थीहरूको संख्या बढ्दै गएको पाइएको छ । *रासस/एएनआई*

# पाकिस्तानमा विस्फोट : ४ जनाको मृत्यु, ९ घाइते

**इस्लामावाद–** पाकिस्तानको दक्षिणपश्चिम बलुचिस्तान प्रान्तमा सोमबार गाडी विष्फोट हुँदा चार सुरक्षाकर्मीको मृत्यु हुनाका साथै अन्य नौ जना घाइते भएको अधिकारीहरूले बताएका छन् । उक्त दुर्घटना बोलान जिल्लामा भएको हो । सिबीका जिल्ला अधिकारी प्रहरी अधिकारी युसुफ करीम भानघरले बताएअनुसार सिबी जिल्लाको सीमा क्षेत्रस्थित बलुचिस्तान कन्स्टेबुलरीका अर्धसैनिक फौजको ट्रकमा हमला भएको थियो ।

# यमनमा पोलियोविरूद्धको खोप अभियान सुरू

**आडेन–** यमनको युद्धग्रस्त क्षेत्रमा पछिल्ला केही समययता पोलियो रोगको समस्या देखिएकाले यहाँको सरकारले यसका विरुद्धमा पोलियो खोप अभियान सुरु गरेको छ । यमन सरकारले युद्धग्रस्त क्षेत्रहरूमा देखिएको पोलियोको प्रकोप नियन्त्रणका लागि सो अभियान राष्ट्रव्यापी रूपमा नै सञ्चालनमा ल्याएको बताइएको छ ।

यो अभियान यहाँको आडेन क्षेत्रका १२ लाखभन्दा बढी बालबालिकालाई लक्षित गरिएको बताइएको छ । सो क्षेत्रका पाँच वर्ष मुनिका ती बालबालिकालाई पहिलो चरणमा यो अभियानमार्फत् पोलियोको खोप लगाइनेछ ।

आडेन यहाँको बढी द्वन्द्व चर्किएको क्षेत्र हो । यस क्षेत्रका पनि गाउँ गाउँमा स्वास्थ्य संरचना एवं औषधिको अभावमा पोलियोको असर देखिएको र यो फैलिन सक्ने अवस्था पनि रहने भएकाले त्यसलाई मध्यनजर गर्दै पोलियोविरुद्धको खोप अभियान सञ्चालन गरिएको बताइएको छ ।

साउदी अरेबियाको सहयोग रहेको यमनको सरकारले अहिले यहाँका १२ वटा प्रान्तमा यो अभियान सञ्चालन गरिरहेको र यसका लागि सयौं स्वास्थ्य कार्यकर्ता खटाइएको छ । ती स्वास्थ्यकर्मीहरूले आडेन सहर र यसको वरपरका क्षेत्र र ग्रामीण क्षेत्रहरूमा घर घरमा पुगेर बालबालिकालाई पोलियोविरुद्धको खोप लगाउने गरेका छन् । *रासस/सिन्ह्वा*

# दक्षिण कोरियाको विदेशी मुद्रा सञ्चिति घट्यो



**सोल–** दक्षिण कोरियाको विदेशी मुद्रा सञ्चितिमा फेब्रुअरीमा चार महिनायता पहिलोपटक गिरावट आएको केन्द्रीय बैंकको तथ्यांकले देखाएको छ ।

बैंक अफ कोरियाका अनुसार फेब्रुअरीको अन्त्यमा विदेशी मुद्रा सञ्चिति ४२५.२९ अर्ब अमेरिकी डलर रहेको छ जुन अघिल्लो महिनाको तुलनामा ४.६८ अर्ब डलरले कम हो ।

यो सँगै बलियो डलरले गैर-डलर सम्पत्तिहरूको रूपान्तरण मूल्य घटाएको छ । देशको विदेशी सञ्चितिमा ३७४ अर्ब ४९ करोड डलर धितोपत्र, २६ अर्ब ७५ करोड निक्षेप, १४ अर्ब ८० करोड डलर विशेष निकासी अधिकार, चार अर्ब ७९ करोड डलर सुन र चार अर्ब ४४ करोड डलर आइएमएफ (अन्तर्राष्ट्रिय मुद्रा कोष) रहेको छ ।

जनवरीको अन्त्यमा दक्षिण कोरिया विश्वको नवौं ठूलो विदेशी मुद्राको भण्डार भएको थियो । *रासस/सिन्ह्वा*


# Mai Municipality
## Office of The Municipal Executive
Sitali, Ilam
Koshi Province, Nepal

## Invitation Of Bids For The Following Works

**(First Date of Publication: 2079/11/23)**

Mai Municipality invites Electronic Bids for the Procurement of Following Works under National Competitive Bidding (NCB) and Sealed Quotation (SQ) Procedures. Bid document may be downloaded from PPMO website www.bolpatra.gov.np/egp. Bidders may obtain further information at the office of Mai Municipality, Office of Municipal Executive, Sitali, Ilam ( maimun.gov.np ), may email on the email address (mainagarpalika@gmail.com) , or may call on (9849079791/9852639111) at office time.

| S.N | Contract ID | Description of Works | Estimated Amount (Including V.A.T & P.S.) | Bid Security Fee | Bid Document Fee | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | MM/NCB/ WORKS / 17/079/80 | Upgrading Works of Ghumti – Sandhuwa – Rawali Gaun – Majhitar Road | 1,00,00,427.13 | 2,20,000.00 (120 Days) | 3000.00 | 2079/12/23 12:00 (Noon) | 2079/12/23 13:00 PM |
| 2 | MM/NCB/ WORKS / 18/079/80 | Construction of Musetar-Sorali Gaun-Sero Black Top Road | 1,00,38,107.29 | 2,20,000.00 (120 Days) | 3000.00 | 2079/12/23 12:00 (Noon) | 2079/12/23 13:00 PM |
| 3 | MM/NCB/ WORKS / 19/079/80 | Upgrading Works of Tehrakuney Chheu - Goley Chowk - Guest House - Sombarey - Dhen Danda Road. | 1,00,14,131.56 | 2,20,000.00 (120 Days) | 3000.00 | 2079/12/23 12:00 (Noon) | 2079/12/23 13:00 PM |
| 4 | MM/NCB/ WORKS / 20/079/80 | Construction of Sukhani – Sukrabarey Taharo | 32,38,439.35 | 75,000.00 (120 Days) | 3000.00 | 2079/12/23 12:00 (Noon) | 2079/12/23 13:00 PM |
| 5 | MM/NCB/ WORKS / 21/079/80 | Upgrading Works of Lampatey Kholsi – Tungnetar – Kali Khola – Jhandi – Ekleybar - Thakley Road | 1,27,55,505.43 | 2,80,000.00 (120 Days) | 3000.00 | 2079/12/23 12:00 (Noon) | 2079/12/23 13:00 PM |
| 6 | MM/NCB/ WORKS / 22/079/80 | Upgrading Works of Sukrabarey Bazzar-Prahari Bit-Lakhan Chowk-Sukhani-Gangatey-Bhitri Basti-Nga Line Road | 1,44,69,479.51 | 3,18,000.00 (120 Days) | 3000.00 | 2079/12/23 12:00 (Noon) | 2079/12/23 13:00 PM |
| 7 | MM/SQ/ WORKS / 10/079/80 | Maintenance of Branch Roads of Mai Municipality-01 | 10,12,167.82 | 25,000.00 (75 Days) | 1000.00 | 2079/12/08 12:00 (Noon) | 2079/12/08 13:00 PM |

प्रमुख प्रशासकीय अधिकृत

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १०२५०० | प्रति तोला – १०२००० | प्रति तोला – १२७५ |



**मनमोहक यान्त्रिक पुल**

**पर्वत उद्योग वाणिज्य संघको अग्रसरतामा कालीगण्डकीको खोँचमाथि करिब पाँच करोड खर्चेर निर्माण गरिएको 'यान्त्रिक पुल'। दस वर्षअघि सदरमुकाम कुश्मा र दक्षिण बागलुङका दर्जन बढी गाविसहरूलाई जोड्ने यस पुलमा दैनिक ३०० भन्दा बढी यात्रुले आवतजावत गर्दै आएका छन्।**

*तस्बिरः सुमनजंग थापा/रासस*

# सहकारी व्यवस्थापनका लागि प्रमुखहरूको राष्ट्रिय गोष्ठी

■ प्रभाव संवाददाता

**काठमाडौं–** 'प्रविधियुक्त सेवा र सुशासनः दिगो साकोस र छवि निर्माणका लागि जिम्मेवार व्यवस्थापन' भन्ने सोचसहित सहकारीका व्यवस्थापन प्रमुखहरूको राष्ट्रिय गोष्ठी आगामी बुधबारदेखि हुने भएको छ।

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कून) को आयोजना र नेफ्स्कून साकोस म्यानेजर्स क्लबको व्यवस्थापनमा फागुन २४ र २५ काठमाडौंको द सोल्टी होटलमा हुँदै छ। गोष्ठीमा ४ सय ५० जनाको सहभागीता रहने र आइतबार बेलुकासम्म ३९८ जना व्यवस्थापकहरूले नाम दर्ता गरिसकेको आइतबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइयो।

नेपालका वित्तीय सहकारीका व्यवस्थापकीय प्रमुखहरूलाई समेटी गोष्ठीको आयोजना गरी प्राप्त उपलब्धीका सन्देशहरूको प्रवाह गर्दै जानु नेफ्स्कूनको दायित्व भएकोले प्रथम र दोस्रो गोष्ठीको सिकाई र व्यवस्थापन प्रमुखहरूको माग एवम् आवश्यकताको आधारमा गोष्ठी आयोजना गर्न लागिएको गोष्ठी व्यवस्थापन कार्यदलका संयोजक तथा नेफ्स्कूनका कोषाध्यक्ष दिपक पनेरुले बताए।

उपलब्ध स्रोत र साधनलाई दृष्टिगत गरी वित्तीय सहकारी क्षेत्रका व्यवस्थापकीय तहमा कार्यरत कर्मचारी, नियमनकारी निकाय, सम्बन्धित सरोकारवाला एवम् विकास क्षेत्रका सहयात्रीहरू समेतको प्रतिनिधित्व रहने गरी करिब ४५० जना भन्दा बढी सहभागिता रहने व्यवस्था मिलाइएको पनेरुले बथाए। वित्तीय सहकारीको दर्शन र मुल्यमा आधारित व्यवसायिक जनशक्ति विकास गर्नु गोष्ठीको उद्देश्य रहेको समेत संयोजक पनेरुले बताए।

विश्वव्यापी नविनतम अभ्यास, अनुभव र सिकाईहरू मार्फत ज्ञान, सीप र प्रविधिको अवलम्बन एवम् हस्तान्तरण गर्नु तथा राष्ट्रियस्तरमा भएका




नविनतम र सफल अभ्यासहरू आदानप्रदान गर्नु समेत गोष्ठीको उद्देश्य रहेको उनको भनाई थियो। यस्तै गोष्ठीले वित्तीय सहकारीका लागि विकास गरेका नविनतम औजार र समाधानहरूको आन्तरिकीकरणका लागि दिशानिर्देश गर्नुका साथै कार्यरत जनशक्तिको उत्प्रेरणामार्फत तनाव रहित वातावरणमा कार्यसम्पादनका लागि प्रेरित गर्ने नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेलले बताए। वित्तीय सहकारीको विकासका सम्भावना पहिचान गरी कार्यान्वयन गर्न अभिप्रेरित गर्ने तथा वित्तीय सहकारीलाई उत्पादनमा आधारित लगानीमा प्रोत्साहित गर्ने गोष्ठीको उद्देश्य रहेको बताए। गोष्ठीमा राष्ट्रियदेखि विश्व सञ्जालहरू विश्व ऋण परिषद् (अमेरिका), एसियाली ऋण महासंघ (थाइल्याण्ड), नेपाल राष्ट्र बैंक र नेपालको आर्थिक विकासमा सहकारी क्षेत्रलाई सफल माध्यम बनाउन अतुलनीय योगदान गर्नुहुने विद्वतहरूबाट विभिन्न सात विषयमा कार्यपत्रहरू प्रस्तुत हुने नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत पोखरेलले बताए।

गोष्ठीमा सात वटा विषयका सामुहिक सत्र सञ्चालन गरिने बताइएको छ। पहिलो दिन वर्तमान परिदृश्यमा दिगो साकोस अभियानका लागि जिम्मेवार व्यवस्थापन र संघको भूमिका, वित्तीय सहकारीको छवी निर्माणः समावेशी संरचना र प्रविधि हस्तान्तरण, विश्व अर्थतन्त्रः वित्तीय सहकारीमा प्रभाव, सम्भावना र चुनौती गरी तीन विषयहरूमा प्रस्तुति रहने छन्। त्यस्तै दोस्रो दिन मानव संशाधन व्यवस्थापनका सामयिक/समवर्ती सवालहरू र नेपालमा सफल साकोसका अनुभवहरू, वित्तीय प्रविधिमा साकोसका सम्भावना र चुनौतीहरू, वित्तीय सहकारी ऐनको अन्तर्राष्ट्रिय अभ्यास र नेपालको आवश्यकता, ईमोशनल एण्ड स्पिरिचुअल ईन्टेलिजेन्स ईन म्यानेजर्स सम्बन्धी चार विषयवस्तुमा सामुहिक सत्र सञ्चालन हुने नेफ्स्कूनले जनाएको छ।

२०७३ सालबाट साकोसका व्यवस्थापन प्रमुखहरूको राष्ट्रिय गोष्ठी सञ्चालन शुरुवात गरेको नेफ्स्कूनले प्रत्येक तीन वर्षको अन्तरालमा नियमित सञ्चालन गर्दै आइरहेको छ।

विश्वव्यापी आर्थिक मन्दीको अवस्था, नेपालको समग्र वित्तीय अवस्था र विशेषतः नेपालको सहकारी अभियान तरलताको दबाबमा रहेको अवस्थामा राष्ट्रिय गोष्ठी आयोजना गर्दा विभिन्न क्षेत्रबाट सकारात्मक र नकारात्मक प्रतिक्रिया आइरहेको तर्फ पनि सचेत एवम् सजग रहेको आयोजकले जनाएको छ। गोष्ठीको आवश्यक तयारी समेत पुरा भएको जनाएको छ।

# 'स्वदेशी हस्तकला सामानको प्रयोग गरौं'

**पोखरा (प्रस)–** 'स्वदेशी हस्तकला सामानको प्रयोग गरौं, स्वरोजगार सिर्जना गरौं, वातावरण जोगाऔं' भन्ने नाराका साथ हस्तकला मेला आयोजना हुने भएको छ। महिला सीप विकास संस्थाद्वारा यही फागुन २४ गते अन्तराष्ट्रिय नारी दिवसका अवसरमा पोखरा सभागृहमा सो मेला आयोजना हुन लागेको हो।

संस्थाका अध्यक्ष देवी गुरुङले आफ्नो संस्थाले हस्तकलाका माध्यमबाट महिला सशक्तिकरणमा विशेष योगदान पुर्‍याउँदै आएको बताइन्। उनका अनुसार उक्त प्रदर्शनी मेलामा संस्थाबाट उत्पादिन विभिन्न सामग्री राखिने छन्।

संस्थाले हालसम्म करिब २१ हजार महिलालाई तालिम प्रदान गरिसकेको र हाल तीन सय ५० महिला उद्यमी आवद्ध रहेको कार्यकारी निर्देशक रामकली खड्काले जानकारी दिइन्। विसं २०३२ मा स्थापना भएको सो संस्थाले विशेष गरी आर्थिकरूपमा विपन्न, अपांगता भएका, एकल र द्वन्द्वपीडित महिलालाई सीपमूलक तालिम प्रदान गर्दै स्वरोजगार बनाउँदै आएको छ। संस्थाले विभिन्न संघ संस्थासँग सहकार्य गर्दै तालिम र आयमूलक कार्यक्रमलाई जोड दिँदै आएको उनले बताइन्।

संस्थाको पोखरा ८ सिमलचौरमा करिब तीन रोपनी भाडाको जग्गामा मुख्य कार्यालय सञ्चालित छ भने पोखरा १३ बाँफापाटन, पोखरा १९ माथिल्लो लामाचौर, पोखरा २७ रिठेपानि र पोखरा ३० गगनगौडामा सम्पर्क कार्यालय सञ्चालित छन्। निर्देशक खड्का अनुसार संस्थाले काँचो धागो खरिद गरी आफै 'नेचुरल तथा केमिकल डाइङ' गरी सिकाइ हाते तान बुनाइ पश्चात विभिन्न प्रकारको झोला, पर्स, गुडिया र घर कोठा सजावटका सामान उत्पादन गर्दछ। स्थानीय कच्चापदार्थ, अल्लो, मकैको खोष्टाबाट फूल, गुडिया लगायतका अनेकौं सामान उत्पादन गर्दछ। उत्पादनको ८० प्रतिशत विदेशी बजारमा निर्यात गर्दछ भने २० प्रतिशत सामान पोखरा तथा पर्यटकीय क्षेत्रमा विभिन्न सोरुमबाट बिक्रीवितरण हुने गरेको छ।

संस्थाले हस्तकला सामान निर्यात गरी विदेशी मुद्रा भित्र्याई देशको अर्थतन्त्रमा योगदान पुर्‍याएको निर्देशक खड्काले बताइन्। संस्थाका उत्पादन खासगरी अमेरिका, जर्मनी, इटली, कोरिया, क्यानडा, अष्ट्रेलिया, जापानलगायत विभिन्न देशमा अधिक निर्यात हुने गरेको र संस्थालाई सरकार तथा अन्य विदेशी संघ संस्थाबाट कुनै प्रकारका सहयोग प्राप्त नभएको उनको भनाइ छ।

विगतमा यस संस्थामा विभिन्न अन्तर्राष्ट्रिय निकाय भिएसओ, पिआइइसिई, सिओआरई, कोइका, जाइका र सिइसिआइका स्वयंसेवकले सेवा प्रदान गरेका छन्।

## सिद्धार्थ उवासंघमा ठाकुर निर्वाचित

**भैरहवा (प्रस)–** सिद्धार्थ उद्योग वणिज्य संघको ६४ औ साधारणसभा तथा अधिवेशनबाट ठाकुर कुमार श्रेष्ठ अध्यक्षमा निर्वाचित भएका छन। १ हजार एक सय सात मतसहित श्रेष्ठ अध्यक्षमा निर्वाचित भएका हुन्। ४२० मतान्तरले विजयी बनेका श्रेष्ठको प्रतिद्वन्द्वीको रूपमा विजय पाण्डेले ६८७ मत प्राप्त गरेको प्रमुख निर्वाचन अधिकृत शिव गौडेलले जानकारी दिए।

२९ पदका लागि ४६ जना उम्मेदवार रहे पनि केही पदबाहेक सबै पदमा मतदान भएको थियो। पदाधिकारी तर्फ संघको वरिष्ठ उपाध्यक्षमा नेत्र प्रसाद आचार्य, वाणिज्य तर्फको उपाध्यक्षमा गोविन्द ज्ञवाली, उद्योग उपाध्यक्ष तर्फ दिलीप कुमार कान्दु, महासचिवमा कृष्ण प्रसाद घिमिरे, कोषाध्यक्षमा कमल प्रसाद मरासिनी र सचिवमा मंगल भण्डारी निर्वाचित भएका छन्। कर्पोरेट उपाध्यक्षमा रोहित कुमार अग्रवाल, सह कोषाध्यक्षमा संजय कुमार बेरीवाल, वाणिज्य महिला सदस्यमा यमकला न्यौपाने र महिला उद्योग सदस्यमा पल्लवी न्यौपाने र कर्पोरेट सदस्यमा अर्पित कुमार अग्रवाल र विकास कुमार गोयनका निर्विरोध निर्वाचित भएको प्रमुख निर्वाचन आयुक्त गौडेलले जानकारी दिए।

# औद्योगिक क्षेत्रका लागि जग्गा प्राप्तिको प्रक्रिया अघि बढ्यो

■ प्रभाव संवाददाता

**कास्की–** प्रदेश गौरवका आयोजनाका रूपमा रहेका यहाँका दुई औद्योगिक क्षेत्रका लागि जग्गा प्राप्तिको प्रक्रिया अघि बढाइएको छ। जग्गा व्यवस्थापनमा ढिलाइ हुँदा अलपत्र औद्योगिक क्षेत्र निर्माणको कामले अब गति लिने भएको छ।

गण्डकी प्रदेश सरकारले पाँच वर्षअघि कास्कीको पुँडीटार र नवलपुरको लोकाहाखोलामा औद्योगिक क्षेत्र बनाउने घोषणा गरेको थियो। समयमै जग्गाको टुंगो नलाग्दा दुवै आयोजना अन्योलमा परेका थिए। अध्ययन र विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) निर्माणका लागि सरकारले बर्सेनि बजेट बिनियोजित बजेट समेत खर्च हुन सकेको थिएन।

औद्योगिक क्षेत्रलाई आवश्यक जग्गा नापजाँच तथा यकिन भइसकेकाले अब संघीय सरकारबाट भोगाधिकार लिन मात्र बाँकी रहेको जनाइएको छ। उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका अनुसार गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्ले आवश्यक निर्णय गरी जग्गा प्राप्तिको प्रस्ताव संघमा पठाएको छ। सरकारी जग्गाको भोगाधिकार दिने निर्णय संघ सरकारको मन्त्रिपरिषद्ले गर्नुपर्छ।

मन्त्रालयको उद्योग-वाणिज्य महाशाखाका प्रमुख रामप्रसाद आचार्यले पुँडीटारमा चार हजार पाँच सय रोपनी र लोकाहा खोलामा एक सय ४१ बिघामा औद्योगिक क्षेत्र निर्माण हुने बताए। पुँडीटार औद्योगिक क्षेत्रले कास्कीको पोखरा-३३ र तनहुँको शुक्लागण्डकी-९ को केही भू-भागलाई समेट्छ भने लोकाहाखोला औद्योगिक क्षेत्र नवलपुरको कावासोती-१ र देवचुली-१० मा स्थापना हुन लागेको हो।

महाशाखा प्रमुख आचार्यले औद्योगिक क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) निर्माणको काम भइरहेको बताए। 'आयोजनाको डिपिआर यसै वर्ष टुंगिन्छ, वातावरणीय प्रभाव मूल्याङ्कनपछि अर्को वर्षबाट पूर्वाधारको काम सुरु हुन्छ', उनले भने। पुँडीटारमा अव्यवस्थित बसोबास भए पनि पनि बस्तीबाहेकको जग्गालाई मात्र समेटेर 'डिपिआर' बनाइने मन्त्रालयले जनाएको छ। प्रस्तावित दुवै औद्योगिक क्षेत्रको जग्गा सामुदायिक वन क्षेत्रभित्र पर्छ।

'जग्गाको नापजाँच, स्रेस्ता कायमलगायतको काम भइसकेको छ, अब संघ सरकारको मन्त्रिपरिषद्बाट जग्गाको स्वीकृत प्राप्त हुन बाँकी छ', उनले भने। पोखरा-३३ का वडाध्यक्ष रामचन्द्र अधिकारीले जग्गा व्यवस्थापनले औद्योगिक क्षेत्र स्थापनामा आशा जगाएको बताए। उनले अव्यवस्थित बसोबासमा रहेका ५०/६० घरघुरीलाई स्थानान्तरण गर्नुपर्ने अवस्था रहेको बताए।

'औद्योगिक क्षेत्र बनाउने निर्णय पहिल्यै भए पनि जग्गा प्राप्तिको विषय टुंगो लागेको थिएन, अब भने काम अघि बढ्ने विश्वास बढेको छ', वडाध्यक्ष अधिकारीले भने।

नवलपुरको कावासोती नगरपालिकाका प्रमुख विष्णुप्रसाद भुसालले घोषणा भएको वर्षौं बितिसक्दा पनि औद्योगिक क्षेत्र निर्माणको काम अघि नबढ्नु दुःखद् रहेको बताए। 'प्रदेश सरकारले केही गर्दै होला, यो विषयमा नगरपालिकालाई केही जानकारी आएको छैन, खासै समन्वय पनि हुँदैन', उनले भने।

प्रदेश सरकारले दुई औद्योगिक क्षेत्रसँगै २५ उद्योग ग्राम निर्माणको योजनालाई अघि बढाएको थियो। जग्गा व्यवस्थापन गर्न नसक्दा अधिकांश ठाउँमा उद्योग ग्रामको काम पनि अघि बढ्न सकेको छैन।

मन्त्रालयले यो वर्ष विभिन्न जिल्लाका दश उद्योग ग्रामका लागि रु दश लाखका दरले बजेट दिएको छ। तनहुँको भानु नगरपालिका, ऋषिङ, आँबुखैरनी गाउँपालिका, स्याङ्जाको अर्जुनचौपारी, कालीगण्डकी गाउँपालिका, चापाकोट, वालिङ नगरपालिका, लमजुङको राइनास नगरपालिका, बागलुङको ताराखोला र मनाङको चामे गाउँपालिकामा उद्योग ग्राम निर्माणाधीन अवस्थामा छन्।

उद्योग ग्राममा संघ, प्रदेश र स्थानीय तहको संयुक्त लगानी छ। स्थानीय स्रोत, सीप र प्रविधिको प्रयोगबाट उद्यमशीलता विकास गर्न सरकारले 'एक स्थानीय तह, एक उद्योग ग्राम'को राष्ट्रिय लक्ष्य लिएको छ।

सामाजिक यातायातलाई व्यवस्थित गरौं

- सार्वजनिक यातायातको साधनमा यात्रा गर्दा सामाजिक मर्यादा र शिष्टाचारको पालना गरौं।
- यात्रु, चालक र सहचालकले एक-आपसमा मर्यादित र शिष्ट व्यवहार गरौं।
- सार्वजनिक यातायातका साधनमा हानी नोक्सानी नपुर्‍याऔं।
- सवारी साधनमा भाडादर देखिने गरी टाँसी तोकिएको भाडादर मात्र लिने दिने गरौं।
- सार्वजनिक यातायात सञ्चालनको समय तालिका सार्वजनिक गरी त्यसको पालना गरौं।
- तोकिएको स्थानमा मात्र यात्रु उकाल्ने र ओराल्ने गरौं।
- आरक्षित सिटमा सम्बन्धित यात्रुलाई नै प्राथमिकता दिऔं।
- ट्राफिक नियमको पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रणः** एक्सप्रेस कलर प्रेस, **कार्यालयः** काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागिः** marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशकः** कृष्णबहादुर कार्की, **सम्पादकः** विष्णु तामाङ